का.जि.प्र.का.द.नं. १००/०५९/६०

१८ फागुन २०७८,
बुधबार
2 March 2022,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



शिवरात्रिको दिन पशुपतिनाथको दर्शन गर्न पशुपतिनाथमा लामबद्ध भक्तजन । मंगलबार देशभर शिवरात्रि मनाइएको छ भने नेपाली सेनाले विशेष कार्यक्रम आयोजना गरेको थियो । तस्वीरः चन्द्रकला श्रेष्ठ

## बोली बैगुनी

एमसीसी सम्झौताबारे असहमति जनाएका नेताहरुप्रति सोमबार पुष्पकमल दाहाल प्रचण्डले कठोर अभिव्यक्ति दिएपछि नेकपा माओवादी केन्द्रभित्र नयाँ संकट देखिएको छ । तर प्रचण्ड भने आफ्नो अभिव्यक्तिबाट झस्किएका नेता नारायणकाजी श्रेष्ठलाई भेट्न मंगलबार श्रेष्ठकै निवास पुगेका छन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन गर्ने पार्टी निर्णयप्रति पूर्ण असहमति राखेका नारायणकाजी श्रेष्ठलाई फकाउन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड उनकै निवास पुगेका छन् । पार्टीले आफ्नो असहमतिका बावजुद एमसीसी पारित गर्न सहयोग गरेको भन्दै उनी असन्तुष्ट बनेपछि अध्यक्ष प्रचण्डले उनको निवासमै पुगेर संवाद सुरु गरेका छन् । श्रेष्ठ लगायत केही असन्तुष्ट नेता मिलेर अर्को पार्टी दर्ता गर्न लागेको चर्चा सुरु भएपछि प्रचण्ड झस्किएका हुन् ।

भेटमा प्रचण्डले नेता श्रेष्ठलाई एमसीसीमा विमति राखेपनि अन्य विषयमा भने सहमति जुटाउनुपर्ने प्रस्ताव राखेका हुन् । "यो विषयमा मतभेद कायम राखौं अरु कुरामा मिलेर जाऔं, पार्टी एकताबद्ध गर्नु अहिलेको आवश्यकता हो", प्रचण्डको प्रस्ताव छ । प्रचण्डले एकदिन अगाडि (सोमबार) मात्रै निजी निवास खुमलटारमा आयोजित पत्रकार सम्मेलनमा पार्टीभित्र केहीले एमसीसीलाई लिएर अनावश्यक विरोध गरेको अभिव्यक्ति दिएका थिए । प्रचण्डले महाकाली सन्धीमा पार्टी छोडेर गएका वामदेव गौतमले २०५६ चुनावमा शून्य सिट जितेको प्रशंग निकाल्दै वामदेव बन्न चाहे कसैले नरोक्ने बताएका थिए । प्रचण्डले श्रेष्ठलाई नरोक्ने बताएका थिए ।



प्रचण्डले कठोर अभिव्यक्ति दिनुमा भने श्रेष्ठले सामाजिक सञ्जालमार्फत् कठोर अभिव्यक्ति दिनू र श्रेष्ठ निकट सांसदहरुले प्रतिनिधिसभामा बिमति जनाउनु थियो । श्रेष्ठले एमसीसी पारित हुने वित्तिकै त्यस दिनलाई कालो दिनको संज्ञा दिएका थिए । तर एमसीसी सम्झौता संसदबाट अनुमोदन भयो । "आमदेश भक्त नेपाली जनताले यसलाई कालो दिनको रुपमा लिनेछन् । सम्पूर्ण देशभक्त शक्तिहरु एकताबद्ध होऔं र नेपालको राष्ट्रिय सार्वभौमिकता, स्वाधीनता र हितको संघर्षलाई निरन्तर जारी राखौं", श्रेष्ठले लेखेका थिए ।

प्रचण्डसँगको भेटमा भने श्रेष्ठले पार्टीभित्र संघर्षमा रहने मनसाय भएपनि सोमबारको अभिव्यक्तिपछि सोच्ने अवस्थामा पुगेको बताएका थिए । "हामी छुट्टिने निष्कर्षमा पुगेका थिएनौ । उहाँहरुले त्यो भनेपछि सोच्नुपर्यो नि", प्रचण्डसँगको भेटबारे श्रेष्ठले भने । "यद्यपि अहिले पार्टी रुपान्तरण हुन्छ कि हुन्न भन्ने कुरा उठेकै छ, राष्ट्रियतामा पनि पार्टी पुरानो अडानमा टिकेन पार्टीभित्र कार्यकर्ताताई समान व्यवहार पनि भएको छैन भने त के गर्ने भन्ने कुरा उठेको छ", उनले भने ।

अझै पनि नेतृत्वको कदमसँग असन्तुष्ट रहेको भन्दै उनले कुरा नमिले अर्को पार्टी खोलेरै भएपनि अघि जाने संकेत गरेका छन् । उनको कुरामा समर्थन गर्दै माओवादीका अर्का नेता लेखनाथ खनालले पनि प्रचण्डले एकल निर्णय गरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । "एमसीसी जस्तो मुलुकलाई दीर्घकालीन असर पार्ने गम्भीर बिषयमा अध्यक्षले एकल निर्णय गर्दै पार्टीलाई कांग्रेस, एमाले जस्तै राष्ट्रघाती पार्टीको कित्तामा उभ्याउने ? यसको मारमा देश, जनता, पार्टी र पार्टीका कार्यकर्ता पर्नुपर्ने भन्दै उनले थपे हालको नेकपा (माओवादी केन्द्र) मा केन्द्रीय समितिको निर्णय बाहेक अरुले गर्ने निर्णय अधिकारिक हुँदैन् ?" नेता न्यौपानले जस्तै माओवादी केन्द्रका धेरै नेताले एमसीसी पास गरेको भन्दै प्रचण्डप्रति आक्रोश व्यक्त गरिरहेका छन् । तर, नेपालले गरेका शर्त लागू नभए एमसीसी फिर्ता हुनसक्ने भन्दै प्रचण्डले भने कार्यकर्तालाई बुझाईरहेका छन् । यद्यपि माओवादी केन्द्रका एक पंक्ति नेताकार्यकता भने उनीप्रति अझै असन्तुष्ट छन् ।

## देउवाले जितेको खेल

कम्युनिष्ट नेताहरूले देखाएको तिक्तता, रोष र प्रतिशोधपूर्ण राजनीतिको लाभ भने नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले उठाएका छन् । देउवाले गठबन्धन भत्कन नदिएर सत्ता जोगाएका छन् भने विवादित एमसीसी पनि पार लगाएका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) व्याख्यात्मक घोषणासँगै सत्ता साझेदार कम्युनिष्ट पार्टीहरुभित्र समस्या देखिएको छ । राष्ट्रिय जनमोर्चाले सत्ता गठबन्धन छोडेर साना दलहरुसँग सडक संघर्षको कार्यक्रम तय गरिसकेको छ । जनमोर्चाले सत्ता गठबन्धनमा रहँदा मुलुक, संविधान र स्वयम् उक्त दललाई समेत लाभ मिलेको थियो ।

जनमोर्चाले सत्तामा जान त अस्वीकार गर्‍यो, तर गठबन्धनकै कारण पहिलोपटक राष्ट्रियसभामा उपस्थिति जनाएको थियो । गएको १२ माघमा सम्पन्न राष्ट्रियसभा निर्वाचनमा जनमोर्चाले लुम्बिनीबाट गठबन्धनको मत पाएर सांसद पठाउन सफल भयो । तर एमसीसीकै कारण जनमोर्चा गठबन्धनबाट बाहिरिएको छ ।

यसअघि २०७४ को निर्वाचनमा पनि वाम गठबन्धनसँग मिल्दा संघ र प्रदेशमा सांसद जितेको थियो । लुम्बिनी र गण्डकी प्रदेशसभामा जनमोर्चा सांसद छन् भने प्रतिनिधिसभामा दुर्गा



पौडेल निर्वाचित भएका थिए । अर्थात् स्थानीय तह समेत गर्दा जनमोर्चा सबै तहमा सहभागी दल बनेको छ । तर गठबन्धनबाट अलग भएपछि जनमोर्चाको संसदीय राजनीति संकटमा देखिएको छ ।

एमसीसी अनुमोदनकै कारण प्रमुख सत्तारुढ दल नेकपा माओवादी केन्द्र विभाजनको डिलमा पुगेको छ । व्याख्यात्मक घोषणासहित एमसीसी अनुमोदन भएपछि नारायणकाजी श्रेष्ठ सहितका नेताहरुले गम्भीर आपत्ति जनाएका थिए । ती नेताहरुले पार्टी विभाजनको गृहकार्य नै अगाडि बढाएका छन् ।

अर्का दल नेकपा एकीकृत समाजवादीमा पनि समस्या देखिएको छ । पूर्वप्रधानमन्त्री एवम् सम्मानित नेता झलनाथ खनालले एमसीसी अनुमोदनको मत विभाजनको प्रक्रिया नै बहिष्कार गरेका थिए । प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल भएपनि नेकपा एमाले एमसीसीकै कारण संकटमा छ । एमालेका भीम रावल र झपट रावलले एमसीसीको विपक्षमा मत दिएका थिए । गएको वर्ष ६ प्रदेशसहित संघीय संसदमा दुई तिहाइ नजिकको बहुमत रहेको नेकपाकै सरकार थियो । तर एमसीसीकै कारण नेकपा छिन्नभिन्न छ । यसको लाभ भने नेपाली काँग्रेसले लगातार उठाइरहेको छ ।

एमसीसी अनुमोदनका क्रममा भने सभापति देउवाले अनेक लाभ उठाएका छन् । पार्टीभित्र एमसीसीको निर्णयमा अभूतपूर्व एकता गराउन सफल भएका छन् । गएको मंसिरमा मात्रै प्यानलगत मतदानबाट नेतृत्व चयन भएको काँग्रेसका नेताहरु एमसीसी परियोजनामा एकमत छन् । एमसीसी अनुमोदन राष्ट्रवादी हो वा होइन भन्ने आरोप कम्युनिष्टहरुले नै एकअर्कालाई लगाइरहेका छन् ।

तर प्रधानमन्त्री देउवाले भने सत्तारुढ गठबन्धन समेत जोगाउँदै एमसीसी अनुमोदन गराउन सफल भएका छन् । यसअघि नेकपा सरकारको नेतृत्व गरेका ओलीले नेताहरुबीच सहमति जुटाउन सकेका थिएनन् । यसले अन्तर्राष्ट्रिय जगतमा देउवाप्रतिको विश्वास बढेको अनुमान गर्न लगाउन सकिन्छ । अर्कातिर आगामी चुनावमा वाम गठबन्धन हुने संभावना समेत लगभग सकिएको छ । किनकि यो गठबन्धन कायमै रहने देउवाले बलियो आधार तयार पारेका छन् ।

## निकास नपाएको न्यायालय

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १७ फागुन ।

कानुन व्यवसायीहरुले महाअभियोग लगाइएका प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई संवैधानिक परिषद्मा नराख्न माग गरेका छन् । संवैधानिक परिषद्मा प्रधानन्यायाधीश सदस्य रहने संवैधानिक व्यवस्था छ । तर महाअभियोग खेपेका जबरालाई नराख्न संविधान संशोधनकै माग कानुन व्यवसायीहरुको छ ।

राजधानीमा मंगलबार सम्पन्न १५औं नेपाल राष्ट्रिय कानुन व्यवसायी सम्मेलनमा सहभागी कानुन व्यवसायीहरुले जबरालाई राखेर संवैधानिक परिषद्को निर्णय लिइन नहुने माग राखेका हुन् । गएको १ फागुनमा नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका ९८ सांसदले जबराविरुद्ध महाअभियोग दर्ता गराएका छन् । अकुत सम्पत्ति आर्जन, न्यायिक निष्पक्षता कायम गर्न नसकेको लगायत आरोप सहित महाअभियोग संसद सचिवालयमा दर्ता गराएका थिए । महाअभियोग लगत्तै प्रधानन्यायाधीश जबरा निलिम्बनमा परेका छन् ।

> जबराले राजीनामा नदिने अडान लिनु र महाअभियोग पारित हुन नसक्ने परिस्थितिका कारण न्यायालयले निकास पाउने अवस्था देखिएको छैन ।

तर महाअभियोग प्रस्ताव प्रतिनिधिसभामा पेश हुन सकेको छैन । सत्ता गठबन्धनबाट महाअभियोग अनुमोदन हुने संभावना समेत छैन । किनकि प्रधानमन्त्री शेरबहादुर देउवाले गएको ३ साउनमा १६५ सांसदको विश्वासको मत पाएका थिए । तर महाअभियोग पारित हुने दुई तिहाई अर्थात् १८३ सांसद आवश्यक पर्छ। विपक्षी एमाले एक्लैसँग ९८ सांसद रहेकाले दुई तिहाइ पुग्ने अवस्था छैन ।

एमाले भने जबरालाई महाअभियोग लगाउने पक्षमा छैन । बरु उल्टै जबराको बचाऊमा बाँकी न्यायाधीशहरुलाई पनि महाअभियोग लगाउने तयारीमा एमाले जुटेको छ । गएको ३ फागुनमा एमालेले आफ्ना सांसदहरुको हस्ताक्षर नै संकलन गरेर राखेको छ ।

अर्थात् महाअभियोग पारित भएर जबरा पदमुक्त हुन सहज देखिन्न । तर न्यायिक क्षेत्र भने जबरालाई स्वीकार्ने पक्षमा देखिएको छैन । सर्वोच्च अदालतकै न्यायाधीशहरुले जबरा फर्किएर आएमा इजलास साझेदारी गर्न नसकिने प्रतिक्रिया दिएको छ । नेपाल बार एशोसियन, सर्वोच्च बार गएको कात्तिक १४ गतेबाटै जबराको राजीनामा माग्दै आन्दोलित छन् । जबरा पदमुक्त नभएसम्म आन्दोलन नटुंगिने उनीहरुको चेतावनी छ ।

पूर्वप्रधानन्यायाधीशहरु, पूर्वन्यायाधीशहरु र नागरिक अगुवाहरु समेत जबरा पदमुक्त हुनुपर्ने माग छन्। प्रधानमन्त्री शेरबहादुर देउवासँग मन्त्रिपरिषद्मा भाग लिएपछि जबराको नेतृत्व न्यायालयमा नस्वीकार्ने अडान छ । तर जबराले राजीनामा नदिने अडान लिनु र महाअभियोग पारित हुन नसक्ने परिस्थितिले न्यायालयले निकास पाउने अवस्था देखिएको छैन । न्याय सम्पादन प्रभावित हुँदै आएको छ ।

## वैदेशिक रोजगारमा जाने महिला कामदारमाथिको विभेद हटाउन सुझाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन ।

नेपाल बार एशोसिएशनको राष्ट्रिय सम्मेलनले वैदेशिक रोजगार ऐन २०६४ संशोधन गर्दै वैदेशिक रोजगारमा जाने महिलामाथिको लैङ्गिक विभेद अन्त्य हुनुपर्ने निष्कर्ष निकालेको छ । राजधानीमा सम्पन्न १५ औं अखिल नेपाल कानून व्यवसायी सम्मेलनअन्तर्गत मंगलबारको समापन सत्रमा समूहगत निष्कर्ष पेश गर्ने क्रममा वैदेशिक रोजगार क्षेत्रका प्रमुख यी दुई विषय समेटिएका हुन् ।

वैदेशिक रोजगार ऐन २०६४ मा गरिएका व्यवस्थाहरू उदार अर्थतन्त्र र व्यवसायिक स्वतन्त्रताका प्रावधानसँग मेल नखाने र महिला कामदारको श्रम स्वीकृतिमा लगाइने प्रतिबन्ध लैङ्गिक समानताको संवैधानिक प्रावधान विपरीत भएकाले ती प्रावधानहरूलाई संशोधन गरिनुपर्ने प्रतिवेदकहरूले औंल्याएका छन् । सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष वरिष्ठ




अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा रहेको आर्थिक विकास तथा वाणिज्य कानुन समूहमा वैदेशिक रोजगार क्षेत्रका विज्ञ कानुन व्यवसायी अधिवक्ता देवराज कटुवालले सोमबारको समूहगत छलफलमा वैदेशिक रोजगार ऐन २०६४ मा रहेका उदार अर्थव्यवस्था विपरीतका प्रावधानको व्याख्या गर्दै ऐनमा रहेको फ्रि भिसा, फ्रि टिकट र इजाजतपत्रका लागि अत्याधिक धेरै रकम धरौटी राख्नुपर्ने व्यवस्था अव्यवहारिक रहेको भन्दै मुलुकका अन्य ऐन कानुन परिवर्तन गर्दा वैदेशिक रोजगार ऐन २०६४ लाई पनि उच्च प्राथमिकतामा राखेर संशोधनका लागि नेपाल बार एशोसिएशनले सिफारिस गर्नु आवश्यक रहेको सुझाब राखेका थिए ।

वरिष्ठ अधिवक्ता रविराज खनालसमेत रहेको महिला तथा बालबालिका सम्बन्धी समूहले महिला समानता तथा बालबालिका अधिकार संरक्षणमा विभिन्न सुझाब राख्दै वैदेशिक रोजगारको श्रम स्वीकृतिमा रहेको विभेद हटाउने बारेमा ऐन तथा नियमाबलीमा रहेका प्रावधान परिवर्तनको लागि नेपाल बार एशोसिएशनले पहल गर्नुपर्ने सुझाब दिएको छ । सम्मेलन काठमाडौ घोषणापत्र जारी गर्दै मंगलबार सकिएको छ ।

मध्यान्ह
www.madhyanhadaily.com
१८ फागुन २०७८, बुधबार
2 March 2022, Wednesday

# ‘मित्र प्रतिष्ठान नेपाल’को शुभारम्भ

**शुशिल सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, १७ फागुन

सिन्धुपाल्चोकमा सामाजिक संस्था ‘मित्र प्रतिष्ठान नेपाल’ को शुभारम्भ गरिएको छ । मेलम्ची नगरपालिका वडा नं.७ दुवाचौरमा एक कार्यक्रम बीच नगर प्रमुख डम्बर अर्यालले संस्थाको शुभारम्भ गरेका हुन् । मेलम्ची नगरपालिका ७ मा दर्ता भएको संस्थाले यस भेगमा शिक्षा, स्वास्थ्य तथा पर्यटन क्षेत्रमा सहकार्य गर्ने संस्थाले जनाएको छ । कार्यक्रममा बोल्दै प्रमुख अतिथि अर्यालले संस्थालाई मेलम्ची नगरपालिकामा स्वागत गर्दै शिक्षा, स्वास्थ्य, पर्यटनसँगै जेष्ठ नागरिकलाई हुने खालका कार्यक्रम ल्याउन आग्रह गरे ।

उनले संस्थाले गर्ने कार्यमा नगरको सहयोग रहने बताए । संस्थाले जनप्रतिनिधि, संघसंस्थाको प्रतिनिधि, प्रतिष्ठित व्यक्तिहरुलाई मानार्थ सदस्यता समेत वितरण गरेको छ ।



संस्थाले गोल्मेश्वर मन्दिर परिसरमा भारद्धाज आश्रम बनाउने, स्वर्गिय पण्डित चित्रप्रसाद सुवेदीको सालिक निर्माण, दुवाचौर स्वास्थ्य चौकिको सहकार्यमा ‘क’ वर्गको एम्बुलेन्स सञ्चालन गर्ने लक्ष्य रहेको संस्थाको अध्यक्ष डा. कृष्ण सुवेदीले जानकारी दिए ।

यस एम्बुलेन्सबाट मेलम्ची नगरपालिकाको ७ र ८ नं वडा, हेलम्बु गाउँपालिकाको ३ नं वडा र पाँचपोखरी थाङपाल गाउँपालिकाको १ र २ नं वडाका स्थानीय लाभान्वित हुनेछन् । त्यस्तै संस्थाले वडा नं ७ कार्यलय गोल्मेश्वर मन्दिर, सुनखानी सामुदायिक भवन, भारद्धाज आश्रमका केहि गुरु योजनाहरु पनि प्रस्तुत गरेको छ ।

कार्यक्रममा मेलम्ची वडा नं ७ का अध्यक्ष ज्ञानेन्द्र श्रेष्ठ, मेलम्ची वडा नं ८ का अध्यक्ष ठंकराज गिरि, ११ का रुद्र दुलाल, चाइल्ड नेपालका कोषाध्यक्ष बुद्धि प्रसाद आर्चाय, बाल क्षेत्र नेपालका अध्यक्ष राजेन्द्र कुमार बस्नेत, जय वागेश्वरी माध्यमिक विद्यालय पाल्चोकका प्रधानाध्यापक रामगोपाल श्रेष्ठ र स्थानीय समाजसेवी गणेश पाखिन लगायतले शुभकामना राखेका थिए ।

## दैलेख डायरी

–यामराज बिष्ट/मध्यान्ह

### ज्येष्ठ नागरिकलाई ब्ल्याङ्केट वितरण



दैलेखको महाबु गाउँपालिकाले ज्येष्ठ नागरिकलाई ब्लयांकेट वितरण गर्न शुरु गरेको छ। ज्येष्ठ नागरिकलाई केहि राहत हुने विश्वासका साथ गाउँपालिकाले वडा नं १ का २१ जना, २ का २१ ज्ना, ३ का २३ जना ज्येष्ठ नागरिकलाई ब्लयांकेट वितरण गरिएको हो । गाउँपालिका भरिबाटै छानेर पाका उमेरका ज्येष्ठ नागरिकलाई ब्लयांकेट वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोलाराम पंगालीले मध्यान्हलाई बताए ।

गाउँपालिकाले अन्य बाँकी रहेका वडाका ज्येष्ठ नागरिकलाई पनि ब्ल्याङ्केट वितरण गरिने अधिकृत पंगालीले बताए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष लगायतको उपस्थिति रहेको थियो ।

### गर्भवतीलाई पोषण कोशेली



महाबु गाउँपालिकाले गाउँपालिकाभित्रका अति विपन्न एवं सिमान्तकृत गर्भवती महिलाहरुलाई खाद्य तथा पोषण सामग्री वितरण गरेको छ ।

अति विपन्न गर्भवतीहरु पोषणयुक्त खानाबाट बञ्चित हुने गरेको भन्दै गाउँपालिकाले खाद्य तथा पोषण सामग्री वितरण गरेको हो ।

अति विपन्न समुदायका गर्भवती महिलाहरुको स्वास्थ्य तथा पोषण सुरक्षामा सहयोग पुगोस् भन्ने उदेश्यले ‘उपाध्यक्ष गर्भवती पोषण कोशेली’ कार्यक्रम अन्तर्गत खाद्य तथा पोषण सामग्री वितरण गरिएको गाउँपालिकाकी उपाध्यक्ष प्रेम कुमारी बुढाले जानकारी दिइन् ।

उनका अनुसार वडा नम्बर ३ का ६१ जना गर्भवती महिलाहरुलाई पोषण कोशेली अन्तर्गत १ थान झोला, २ प्याकेट खाने तेल, २ वटा कपडा धुने साबुन, २ वटा नुहाउने साबुन, १ प्याकेट नुन र १ केजी चना वितरण गरिएको छ । यस्तै वडा नं १ मा ४० जना गर्भवती महिलालाई, वडा नं २ मा ३१ ज्ना गर्भवती महिलालाई १ थान झोला, २ प्याकेट खाने तेल, २ वटा कपडा धुने साबुन, २ वटा नुहाउने साबुन, १ प्याकेट नुन र १ केजी चना लगायतका पोषणयुक्त खाना वितरण गरिएको छ । गाउँपालिकाले पालिकाभरि २ सय ८० जनालाई खाद्य तथा पोषण सामग्री वितरण गर्ने लक्ष्य राखेको छ ।

# चाँगुनारायण नगर अस्पतालमा अक्सिजन प्लान्ट सञ्चालन



भक्तपुर/मस- भक्तपुर चाँगुनारायण नगरपालिकाद्वारा सञ्चालित नगर अस्पतालमा अक्सिजन प्लान्ट सञ्चालनमा ल्याएको छ । चाँगुनारायण नगरपालिका-४ हुचीलढुंगामा २०७७ मंसिरबाट सञ्चालनमा ल्याएको चाँगुनारायण नगर अस्पतालमा सञ्चालनमा आएको अक्सिजन प्लान्टको सोमबार नगरप्रमुख सोमप्रसाद मिश्रले उद्घाटन गरेका हुन् ।

चाँगुनारायण फाउण्डेशनको ६० प्रतिशत र नगरपालिकाको ४० प्रतिशत लगानीमा जडान गरिएको अक्सिजन प्लाण्टको उद्घाटनपछि बोल्दै नगरप्रमुख मिश्रले नगर अस्पतालको सेवा सुविधालाई गुणस्तरीय बनाउन नगरपालिकाले आवश्यक बजेट विनियोजन गरेर लागिरहने बताए । चाँगुनारायण नगरपालिकाले नगर अस्पतालमा अक्सिजन प्लाण्ट स्थापना गर्ने निर्णय गरेर अस्पतालमा एक करोड ५७ लाख रुपैयाँ बराबरको अक्सिजन प्लाण्ट जडान गरी शुरु गर्न सफल भएका हो ।

उनले चाँगुनारायण नगरपालिकाका बासिन्दाले अब अस्पतालमा अक्सिजन नपाएर वा शय्या नपाएर ज्यान गुमाउनुपर्ने अवस्था नआउने दाबी गर्दै स्वास्थ्य र शिक्षामा नगरपालिकाले धरै प्रगति गरेको चर्चा गरे । कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद चौलागाइँले अस्पतालमा गुणस्तरीय सेवा सञ्चालन गर्दै यसको व्यवस्थापनमा नगरपालिकाले सक्दो सहयोग गर्ने बताए ।

अस्पताल व्यवस्थापन समितिका उपाध्यक्ष साधुराम दाहालले अस्पतालसम्म पुग्ने सडकको स्तरोन्नति अत्यावश्यक रहेको भन्दै यसमा नगरपालिकाले चासो दिनुपर्ने बताए । त्यस अवसरमा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं चाँगुनारायण नपा-४ का वडाध्यक्ष बुद्धिलाल महर्जनले अस्पताललाई अझ व्यवस्थित गर्दै सबै सेवाको पहुँच पुग्ने गरी विकास गर्नुपर्ने आवश्यकता रहेको बताए ।

फाउण्डेशनका अध्यक्ष मणिराज खत्रीले नेदरल्याण्डस्थित स्टिचिङ नेपाल नामक संस्थाको समन्वयमा प्लाण्ट स्थापना गर्न सफल भएको बताए । शंकास्पद वस्तु सेनाद्वारा निष्क्रिय भक्तपुर कौशलटारमा भेटिएको शंकास्पद वस्तु नेपाली सेनाको बम डिस्पोजल टोलीले निष्क्रिय पारेको छ । स्थानीय बासिन्दाले मंगलवार बिहान शंकास्पद वस्तु भेटिएपछि प्रहरीलाई खबर गरेका थिए । प्रहरीले बम हुन सक्ने आशंकामा सेनाको टोली बोलाएको थियो ।

सोमबार संघीय संसद् भवन अगाडिको मुख्य सडकमा पनि शंकास्पद वस्तु भेटिएको थियो ।

# हर्षोल्लाससाथ मनाइयो महाशिवरात्रि



**काठमाडौं/मस–** प्रत्येक वर्ष झैं यस वर्ष पनि हर्ष उल्लासका साथ शिवरात्रि पर्व मनाइएको छ । सजिएको पशुपति र व्यवस्थापकीय चुस्तताले पशुपति दर्शनका लागि पुगेका भक्तजनहरु खुसी देखिएका छन् । कारोनाका कारण विगत दुई वर्ष महाशिवरात्रि मनाउने अवसर जुर्न सकेको थिएन । जोखिम कम भएसँगै यो वर्ष भने शिवरात्रि धुमधामका साथ मनाइएको छ । पशुपति क्षेत्र विकास कोषले गरेको पूर्व तयारी प्रभावकारी बन्दा भक्तजनहरुले सहज मन्दिर दर्शन गर्न पाएका हुन् । विगतका वर्षहरुमा भन्दा भक्तजनहरुको संख्या उल्लेख्य रहे पनि उनीहरुले सहजरुपमा मन्दिरमा दर्शन गर्न पाउँदा खुसी देखिन्थे ।

देविदेवताको चित्रले रंगिएका भित्ता, फुलबत्तिले सजिएको पाशुपत क्षेत्रले भक्तालुहरुलाई मोहित बनाएको थियो । यो वर्ष महाशिवरात्रि व्यवस्थापनको लागि कोषले ५५ संघसंस्थाका ५ हजार बढी स्वयंसेवक र आवश्यक सुरक्षा निकायको व्यवस्था गरेकाले भक्ताजनहरुले विगतको तुलनमा सहज दर्शन गर्न पाएका हुन् । यसैबीच महाशिवरात्रि पर्वका अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले पशुपतिनाथ मन्दिर जानु भई पूजा आराधना एवं दर्शन गरेकी छन् ।

## बोलपत्रको आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०७८।११।१८)

**यस श्री झिर्पू मा.वि द्धारा मिति २०७८।०९।२३ गते प्रकाशित सूचना अनुसार तपशिलका ठेक्का नं को E-biding बोलपत्र आह्वान गरीएकोमा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित रबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।**

**तपशिल**

| सि.न | कार्यकमको नाम | ठेक्का नं | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम(मु.अ कर र पि.एस आइटम समेत) |
|---|---|---|---|---|
| १ | Construction of class block, retaining wall, and gabion wall. | JHIRPU/WORK/NCB/1/2078-79) | R.B/Abij Nirman Jv Chautara Sindhupalchok | 14000306.66 |

# Damak Municipality
## Office of Municipal Executive
**Damak, Jhapa**
**1 No. Province, Nepal**

## Invitation for Online Bids

**Date of publication: 2022-03-02 A.D. (2078-11-18 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S.N. | Contract ID No. / Name of Project | Average Annual Construction Turnover | Specific Experience Requirements | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Last Date of Bid Submission | Technical Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | **DMO/JHAPA/BUILDING/63/078-79** COMMERCIAL SHUTTER AND STORAGE CONSTRUCTION AT PASHUHATH, Damak 7 | NRs. 52000000.00 | As stated in Section III Evaluation and Qualification Criteria of Bid Document | 1600000.00 | 5000.00 | 120 DAYS | 2022-04-01 12:00 | 2022-04-01 13:00 |

2) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-580502 or may visit PPMO website **www.bolpatra.gov.np/egp**.
3) A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp** and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Rastriya Banijya Bank,Damak,Jhapa**
   Name of Office : **Damak Municipality,Damak,Jhapa**
   Account Name : **Aantarik Rajaswa Khata**
   Account No. : **2140100301010002**
4) Pre-bid meeting shall be held at Damak Municipality, Damak, Jhapa as per mentioned in e-bid system.
5) If the last date of opening bid falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**
**Damak Municipality**

# गेस्ट हाउसभित्र महिलाको हत्या

विराटनगर/मस- सुनसरीको धरानमा रहेको एक गेस्ट हाउस भित्र महिलाको शव फेला परेको छ । प्रहरीका अनुसार धरानको एक गेस्ट हाउसमा महिला मृत फेला परेकी छिन् । उनी पाँचथर मिक्लाजुङ गाउँपालिका- १ घर भएकी ४० वर्षीया सुमित्रा तामाङ हुन् । प्रहरीको प्रारम्भिक अनुसन्धानबाट तामाङको हत्या भएको देखिएको छ । उनीसँगै होटलमा एक जना पुरुष बसेका थिए । घटनालगत्तै उनी फरार रहेको प्रहरीले जनाएको छ ।

महिलाको अनुहार र घाँटीमा चोट लागेको देखिएको छ। पुरुषको पहिचान खुलिसकेको र उनको खोजी भइरहेको इलाका प्रहरी कार्यालय धरानका डीएसपी नरेन्द्र कुँवरले जनाएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/११/१८**

**पब्लिक च्वाइस अन्लाईन सपिङ प्रा.लि.** को मिति २०७८/११/०८ गते बसेको विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **इक्स्पोनेन्ट मल्टिप्रपोज प्रा.लि. (प्रा. लि. नं.: २३१९८३)**, कायम गर्ने गरी मिति २०७८/११/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## सुर्खेतमा कर्फ्यू हटाइयो


# अनिश्चितकालिन निषेधाज्ञा जारी

**अर्जुन बिष्ट/मध्यान्ह**
सुर्खेत, १७ फागुन

कर्णाली प्रदेशको राजधानी सुर्खेतको वीरेन्द्रनगरमा कर्फ्यू हटाएर अनिश्चितकालिन निषेधाज्ञा जारी गरिएको छ ।

अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसदबाट अनुमोदन भएको विरोधमा आठ राजनीतिक दलले सोमबार गरेको नेपाल बन्दका क्रममा बन्दकर्ताले सोमबार बेलुका ७ बजेतिर वीरेन्द्रनगरस्थित कांग्रेस, एमाले, माओवादी केन्द्रसहित मुख्य पार्टीको कार्यालयमा तोडफोड तथा आगजनी गरेका थिए । स्थिति नियन्त्रणभन्दा बाहिर जान नदिन सोमबारदेखि मंगलबार साँझ ७ बजेसम्म प्रशासनले कर्फ्यू जारी गरेको थियो । बन्दकर्ताले विभिन्न पार्टीका कार्यालय तोडफोड र आगजनीको प्रयास गरेपछि जिल्ला प्रशासन कार्यालयले कर्फ्यू आदेश जारी गरेको हो ।






नेत्रविक्रम चन्द विप्लव (नेकपा) नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी, नेकपा (मशाल), नेकपा (क्रान्तिकारी माओवादी), राष्ट्रिय जनमोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेकपा (ऋषि कट्टेल) र वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीले सोमबार नेपाल बन्दको आह्वान गरेका थिए ।

सोही क्रममा सुर्खेतको वीरेन्द्रनगरमा बन्दकर्ता र प्रहरीबीच झडप भएपछि तनाव उत्पन्न भएको थियो । एमसीसी सम्झौता अनुमोदनको विरोध प्रदर्शन चर्किएपछि जिल्ला प्रशासन कार्यालयले वीरेन्द्रनगरमा सोमबार बेलुकी सवा ८ बजेदेखि मंगलबारसाँझ ७ बजेसम्मका लागि जारी गरिएको कर्फ्यू हटाएर मंगलबार बेलुकी ७ बजेपछि अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको प्रशासनले जनाएको छ ।

### कर्फ्यू उलंघन गर्ने प्रदर्शनकारी पक्राउ

कर्फ्यू उलंघन गर्ने प्रदर्शनकारी र प्रहरीबीच झडप भएको छ । सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालका अनुसार सोमबारदेखि जारी गरिएको कर्फ्यू उलंघन गर्ने तीन जना प्रदर्शनीकारी पक्राउ गरिएको हो ।

कर्फ्यू उलंघन गर्दै प्रहरीमाथि ढुंगामुढा गरेपछि उनीहरुलाई पक्राउ गरिएको रिजालले मध्यान्हलाई जानकारी दिए । साथै घरबाहिर ननिस्कन आग्रह गर्दै माइकिङ गरिरहेका प्रहरीमाथि प्रदर्शनकारीले ढुंगा प्रहार गर्दा दर्जन बढी प्रहरीहरु घाइते भएका छन् ।

सोमबार प्रहरी र प्रदर्शनकारीबीच भएको झडपमा परी केही व्यक्ति घाइते भएका थिए । जिल्ला सुरक्षा समितिको बैठकको निर्णयले निषेधाज्ञा लगाउने निर्णय गरेपछि विरेन्द्रनगरको एरिचोक, मंगलगढी चोक र हटिया क्षेत्रमा पाँच जनाभन्दा बढि नहुन निषेधाज्ञामा उल्लेख गरिएको छ ।

**बाँके डायरी**
**गणेश रावत/मध्यान्ह**

# 'नो एमसीसी' लेखिएको प्रेसर कुकर बम सेनाद्वारा निष्कृय

नेपालगञ्ज-गुलरिया रोड अन्तर्गत बाँकेको खजुरा बजारको पृथ्वीचोकमा अज्ञात समूहले 'नोएमसीसी' लेखेर राखेको बम नेपाली सेनाले निष्कृय पारेको छ। बाँकेको खजुरा गाउँपालिकाको मुख्य बजार पृथ्वीचोकमा प्रेसर कुकर बमजस्तो शंकास्पद बस्तु नेपाली सेनाले निष्कृय पारेको छ।



स्थानीयले मंगलबार बिहान पृथ्वी चोकमा प्रेसर कुकरमा बेरिएर राखिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए। चोकमा रहेको राष्ट्रिय झण्डा मुनी ईट्टाले छोपेर राखिएको प्रेसर कुकरमा रातो अक्षरले 'नोएमसीसी' लेखिएको अबस्थामा बम राखिएको स्थानीयले देखेपछि जानकारी आएको जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता प्रहरी नायव उपरीक्षक मधुसुदन न्यौपानेले जानकारी दिए ।

बम राखिएपछि नेपालगञ्ज-गुलरिया सडकखण्ड बिहान सवा ११ बजेसम्म अबरुद्ध भएको थियो। नेपाली सेनाको ४ नंम्बर बाहिनी अड्डा, भैरवप्रसाद गण इमाम नगर राँझा ब्यारेकबाट सुबेदार थानेश्वर पोखरेलको नेतृत्वमा घटनास्थल पुगेको टोलीले बम निष्कृय पारेको थियो।

बजारमा नै बम राखेपछि स्थानीय बिहानैदेखि त्रसित बनेका थिए । बम डिस्पोज गरेसँगै बिहानैदेखि अबरुद्ध भएको नेपालगञ्ज गुलरिया सडक सुचारु भएको छ ।

## एमाले सांसद बानियाँविरुद्ध आज म्याद थप हुने

जबरजस्ती करणीको आरोपमा पक्राउ परेका नेकपा एमालेका सांसद मोहन बानियाँलाई थप अनुसन्धानका लागि आज म्याद थप हुने भएको छ ।

उनीविरुद्ध जबरजस्ती करणी गरेको भन्दै जिल्ला प्रहरी कार्यालय बाँकेमा उजुरी परेसँगै बेपत्ता रहेका बानियाँलाई सोमबारमात्रै नेपालगञ्ज विमानस्थलबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाँकेका डीएसपी मधुसुदन न्यौपानेले बताए ।

'जबरजस्ती करणीको आरोपमा नेपालगञ्ज विमानस्थलबाट सांसद बानियाँलाई सोमबार साँझ नियन्त्रणमा लिएका छौं', उनले भने। 'मंगलबार सार्वजनिक बिदा भएकोले बुधबार मात्र म्याद थप गरी अनुसन्धान सुरु गरिनेछ ।'

सांसद बानियाँले नेपालगञ्जको होटेलमा जबर जस्ती करणी गरेको भन्दै ४० वर्षीया पीडित महिलाले गत २७ माघमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन् । त्यसपछि सांसद बानियाँविरुद्ध पक्राउ पूर्जी जारी भई प्रहरीले खोजी गरेकै बेलामा उनी काठमाडौंबाट नेपालगञ्ज आएलगत्तै प्रहरीले नियन्त्रणमा लिएको थियो ।

# लागूपदार्थ दुर्व्यसनविरुद्ध केन्द्रित महाशिवरात्रि पर्व सम्पन्न



**पवन जयसवाल/मध्यान्ह**
नेपालगञ्ज, १७ फागुन

ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल, क्षेत्रीय कार्यालय नेपालगञ्जले मंगलबार आयोजना गरेको महाशिवरात्री शिवध्वजारोहण तथा स्नेह मिलन समारोह सम्पन्न भएको छ । ब्रह्माकुमारी ईश्वरी विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्रका उपाध्यक्ष तथा क्षेत्रीय संयोजक ब्रह्माकुमारी दुर्गा दिदीको अध्यक्षता, पूर्व सूचना तथा सञ्चार मन्त्री शिवराज जोशीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा क्षेत्रीय कार्यालय नेपालगञ्जका ब्रह्माकुमार कृष्णाले स्वागत मन्तव्य व्यक्त गरेका थिए।

ब्रह्माकुमारी ईश्वरी विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल, क्षेत्रीय कार्यालय नेपालगञ्जकी ब्रह्माकुमारी मुनाद्वारा सञ्चालित कार्यक्रममा विशिष्ट अतिथि पूर्व पर्यटन तथा संस्कृति राज्यमन्त्री बल बहादुर महत, विशिष्ट अतिथि जिल्ला न्यायाधीश श्याम सुन्दर अधिकारी, नेपालगञ्ज उप-महानगरपालिकाका प्रवक्ता तथा वडा नं. १ का वडाध्यक्ष प्रमोद रिजाल रहेका थिए।

प्रमुख अतिथि पूर्व सूचना तथा सञ्चार मन्त्री शिवराज जोशीले ५ वर्ष पहिले महाशिवरात्री पर्वकै दिनबाट आफुले आध्यात्मिक यात्रा शुरु गरेको बताए। 'राजयोगबाट म को हुँ भन्ने आफैंले चिन्न सिकाउँछ, आफुमा रहेका विकृति विसंगतिबाट कसरी छुट्कारा पाइन्छ भन्ने ज्ञान यस केन्द्रबाट प्राप्त हुन्छ,' उनले भने ।

ब्रह्माकुमारी ईश्वरी विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपालकी उपाध्यक्ष तथा क्षेत्रीय संयोजक ब्रह्माकुमारी दुर्गाले महाशिवरात्रिको दिन अखाद्य वस्तु खान नहुने तथा सुखाद्य वस्तु मात्र मानव जातिले खानु पर्ने बताउँदै गाँजा भाङ धतुर जस्ता मानव स्वास्थ्यको लागि खराब हुने अखाद्य वस्तुबाट मानव जातिलाई मुक्ति दिलाउन भगवान शिव बाबाले ग्रहण गर्ने भएकाले शिवरात्रिको पवित्र दिन उनलाई चढाएर संकल्प गर्नुपर्ने जिकिर गरिन् ।

राजयोगिनी ब्रह्माकुमारी दुर्गाले रक्सी, तमाखु, पानबिडी सिगरेट, सुर्तीजन्य जुनसुकै नशालु पदार्थ सेवन गर्नु मानव स्वास्थ्यको लागि हानीकारक रहेको बताइन् । उनले यसले विभिन्न किसिमका रोगहरुलाई निम्त्याउने भन्दै यस्ता वस्तुबाट अमूल्य मानव जीवनलाई टाढा राखौं भन्ने संकल्प गर्न सबैलाई आग्रह गरिन् । यस्तै विकारजन्य वस्तुको सेवनले नकारात्मक सोचको विकास हुने भएकोले आज हाम्रो समाजमा हत्या हिंसा, बलात्कार, चोरी डकैती जस्ता अपराध बढ्दै गएको हुँदा समयमै सोच बदल्न उनले आग्रह गरिन् ।

सो अवसरमा नेपालगञ्ज उद्योग वाणिज्य संघका निर्वतमान अध्यक्ष तथा कसौंधन बैश्य समाज नेपालगञ्जका अध्यक्ष नन्दलाल बैश्यले ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल, क्षेत्रीय कार्यालय नेपालगञ्जकी क्षेत्रीय निर्देशक ब्रह्माकुमारी दुर्गालाई दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

सो कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सूर्य बहादुर खत्री, वरिष्ठ पत्रकार पूर्णलाल चुके, नेपाल उद्योग वाणिज्य संघका पूर्व केन्द्रिय सदस्य अच्यूत प्रसाई, कसौंधन वैश्य महिला मञ्चकी संगिता बैश्य, नेपालगञ्ज जेसीजका पूर्व अध्यक्षद्वय बसन्त कुमार कनौजिया र खडक बहादुर बोहरा, अग्रगामी सहकारी संस्था लि.का अध्यक्ष उषा भण्डारी, रिटर्नी नेपालकी केन्द्रिय उपाध्यक्ष हिरा खराल, डा.दिनेश चौधरी, डा. दिपेश गुप्ता, डा. शर्मिला गुप्ता, डा. खगेन्द्र शाह, डा. पियुष कनौडिया, डा. विनोद कुमार खेतान लगायतको सहभागिता रहेको थियो । प्रमुख अतिथि, विशिष्ट अतिथि र अतिथिहरुले झण्डोत्लोलन गरेका थिए ।

कार्यक्रममा पूर्णतारा फाउण्डेशनकी अध्यक्ष तारा रोकायाले 'कति राम्रो बाबाको मन्दिर, हेर हेर' बोलको शिव भजन प्रस्तुत गरेकी थिइन् ।

मंगलबार नै नेपालगञ्जको कार्यक्रमपछि कोहलपुरको विभिन्न स्थानहरुमा शिवध्वजारोहण तथा आध्यात्मिक प्रवचन कार्यक्रम र आध्यात्मिक चेतनामूलक चित्र प्रदर्शनी आयोजना गरिएको थियो।

जिल्ला न्यायाधीश श्याम सुन्दर अधिकारीको प्रमुख आतिथ्य र ब्रम्हाकुमारी इन्दिराद्वारा सञ्चालित कार्यक्रममा कोहलपुर नगरपालिकाका कार्यकारी अधिकृत लगायत अन्य अतिथिहरुको सहभागिता रहेको थियो ।

सो अवसरमा ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल, क्षेत्रीय कार्यालय नेपालगञ्जकी क्षेत्रीय निर्देशक ब्रह्माकुमारी दुर्गाले यसपाली महाशिवरात्रि पर्वमा लागु पदार्थ दुर्व्यसन तथा गाँजा भाङ आदि नशालु वस्तुहरुको सेवनलाई न्यूनीकरण गर्न र रचनात्मक रुपमा मनाउने सन्देश प्रवाह गर्न बाँके र बर्दियामा शिव दर्शन आध्यात्मिक झाँकी र ¥यालीको आयोजना गरिएको बताइन् ।

व्रम्हाकुमार कृष्णका अनुसार महाशिवरात्री महोत्सव अन्तर्गत फागुन ११ गते बुधबार बाँकेको फत्तेपुर, बिनौना र नरैनापुर, फागनु १२ गते बिहीबार नेपालगञ्जको भृकुटीनगरमा, नेपालगञ्जको राँझामा, परसपुर, खजुरा गाउँपालिकाको सैनिक क्षेत्रको रिमझिम चोक, एलगाउँ गौघाट, के गाउँमा, फागुन १३ गते शुक्रबार नेपालगञ्जदेखि खजुरा, बर्दियाको मैनापोखर गुलरिया, मधुबन बजार हुँदै राजापुरसम्मको यात्रा गरिएको थियो ।

यसै गरी फागुन १४ गते शनिबार नेपालगञ्जको कारकाँदौम, नेपालगञ्जको धम्बोझी उप-केन्द्रमा, फागुन १५ गते आइतबार नेपालगञ्जदेखि कोहलपुर, सम्झना बजार, बाँसगढी, लक्ष्मणासम्म र फागुन १६ गते सोमबार मुक्तिपुर, विभिन्न स्थान र चोकहरुमा शिवध्वजारोहण तथा आध्यात्मिक प्रवचन कार्यक्रम र आध्यात्मिक चेतनामूलक चित्र प्रदर्शनी गरिएको थियो ।

यसरी ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र नेपाल, क्षेत्रीय कार्यालय नेपालगञ्जले लागू पदार्थ दुर्व्यसन तथा गाँजा भाङ आदि नशालु वस्तुहरुको सेवनलाई न्यूनीकरण गर्न र जनचेतनामूलक सन्देश दिँदै बाँके र बर्दिया जिल्लाका विभिन्न स्थानमा भव्यरुपमा महाशिवरात्रि महोत्सव अन्तर्गत सप्ताहव्यापी विविध कार्यक्रम सम्पन्न गरेको थियो ।

## संवैधानिक परिषदमा प्रधानन्यायाधीशलाई नराख्न आग्रह

काठमाडौं/मस- संवैधानिक परिषदमा प्रधानन्यायाधीशलाई नराख्न कानून व्यवसायीहरुले आग्रह गरेका छन् । काठमाडौंमा मंगलबार सम्पन्न १५ औं अखिल नेपाल राष्ट्रिय कानुन व्यवसायी सम्मेलनको घोषणापत्रमा संवैधानिक परिषदमा प्रधानन्यायाधीशको भूमिकालाई लिएर सर्वोच्चमा मुद्दा पर्ने गरेको भन्दै प्रधानन्यायाधीशको संलग्नता नरहने व्यवस्था गर्न माग गरेका हुन् । हालको संवैधानिक परिषदमा प्रधानन्यायाधीश रहने व्यवस्था संविधान संशोधन गरेर परिवर्तन गर्न उनीहरुको माग छ ।

'संवैधानिक परिषदमा प्रधानन्यायाधीशको भूमिकालाई लिएर सर्वोच्च अदालतमा मुद्दाहरु पर्ने गरेको र त्यस्ता मुद्दा सर्वोच्च अदालतका प्रधानन्यायाधीशकै नेतृत्वमा गठन भएको संवैधानिक इजलासले हेर्ने संवैधानिक प्रावधानले एकातर्फ अदालतको स्वतन्त्रता र निष्पक्षताको अवधारणाको प्रतिकुल हुने र अर्कोतर्फ कार्यपालिकासँगको विगतमा देखिएको असामान्य निकटाका कारणले पनि नियुक्तिमा भएका विकृतिहरु सतहमा आउन थालेको कारणले संवैधानिक परिषदमा प्रधानन्यायाधीशको संलग्नता नरहने गरी संविधान संशोधन गर्नका लागि यो सम्मेलन माग गर्दछ' घोषणापत्रमा भनिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/११/१८

यस कम्पनीको मिति २०७४/१२/२० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **भाईटल केयर मेडिकल्स प्रा.लि. (प्रा.लि. नं. ४१०५२** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१२/२७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **प्रिफर्ड हेल्थकेयर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सिम्ता गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**राकम, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**स्यानिटरी प्याडसम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/११/१२**

यस सिम्ता गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थामा महिनावारी हुने उमेर समूहका छात्राहरुलाई स्यानिटरी प्याड उपलब्ध गराउन ईजाजत प्राप्त इच्छुक व्यवसायी/फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही स्यानिटरी प्याड खरिदको लागि रीतपूर्वक शिलबन्दी दरभाउ पत्र आव्हान गरिन्छ ।

- दरभाउ पत्र फारम खरिद गर्न इच्छुक व्यवसायी फर्महरुले नवीकरण तथा चालु आ.व.को लागि मान्यता प्राप्त फर्म वा कम्पनीको प्रमाणपत्र, इजाजतपत्र, स्थायी लेखादर्ता प्रमाणपत्र (भ्याट) साथै, आ.व. २०७७/७८ को कर चुक्ता विवरण पेश गरेको कागजात भए सो समेतको प्रतिलिपिको साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) ग १.१ सिम्ता गा.पा. आन्तरिक राजश्व लक्ष्मी बैंकमा रहेको खाता नं. ०८००३०००००२१ मा जम्मा गरेको बैंक भौचर संलग्न गरी कार्यालयको राजश्व शाखाबाट सिलबन्दी दर भाउपत्र खरिद तथा दर्ता गर्न सकिनेछ ।
- दरभाउपत्र सम्बन्धी कागजात दाखिला गर्दा दर भाउ पत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण दरभाउपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
- दरभाउ पत्र पुस्तिका वा सूचना उल्लेखित मूल्यांकनका आधारहरुमा पूरा नगर्ने दर भाउपत्र स्वीकृत गरिने छैन ।
- दर भाउ पत्र फारम भर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ ।
- दरभाउपत्र जमानत रकम लक्ष्मी बैंकको धरौटी खाता नं. ०८००३०००१७१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको दर भाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिनसम्म म्याद भएको जमानत (Bid Security) समावेश हुनुपर्नेछ ।
- दरभाउपत्र दर्ता गर्ने फर्महरुले दरभाउपत्र पुस्तिकामा संलग्न गरिएको स्पेशिफिकेशन तथा अन्य व्यहोरा प्रष्टरुपमा पढी, सही छापगरी पेश गर्नुपर्ने छ । दर भाउपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोही फर्मको नामबाट दर्ता गराउनुपर्ने छ ।
- कुनै पनि कारण जनाई वा नजनाई दरभाउ पत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयलाई निहीत रहनेछ ।
- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ र २ ले तोकेबमोजिमको न्यूनतम् मापदण्ड हुनुपर्ने छ ।
- दर भाउपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसैअनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, संशोधन समेत र सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन) बमोजिम हुनेछ ।
- दरभाउ पत्र फारम खरिद दर्ता गर्ने समय ।

| दर भाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | दर भाउ दाखिला गर्ने अन्तिम मिति | दर भाउ खोल्ने मिति |
|---|---|---|
| २०७८/११/२६ गते साँझ : ५:०० बजेसम्म | २०७८/११/२७ गते दिउँसो १२:०० बजेसम्म | २०७८/११/२८ गते दिउँसो १:०० बजेसम्म |

- खरिद कार्यको विवरण तथा ढुवानी व्यवस्थापनको कार्य सिम्ता गाउँपालिकाले तोकेको विद्यालयहरुमा फर्म कम्पनी स्वयम्ले ढुवानी व्यवस्थापन गर्नुपर्नेछ ।

| क्र.सं. | ठेक्का | खरिद गर्नुपर्ने कामको विवरणहरु | लागत अनुमात रु. (भ्याटबाहेक) | जमानत बापतको रकम (रु.) | दरभाउपत्र फारम दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षा ०७८/०७९ | स्यानिटरी प्याड खरिद कार्य | १,९८१,०००/- | ४९,५२५ | १,००० (फिर्ता नहुने) | |

यस सम्बन्धी अन्य जानकारीको लागि सिम्ता गाउँपालिकाको website.simtagaupalikaskt@gmail.com वा गाउँपालिकाको सूचना पाटीमा हेर्न सकिनेछ ।

**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**

Hilton Academy Pvt.Ltd.
A great place for career

**HOSPITALITY TRAINING**

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
**Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation**



विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।

नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN
गरिएको जानकारी गराउदछौं

सम्पर्क
Hilton Academy
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

### विभाजन होइन, बहसको खाँचो

लामो विवाद पछि अमेरिकी सहयोग परियोजना (एमसीसी) प्रतिनिधिसभाबाट व्याख्यात्मक घोषणासहित अनुमोदन भएपछि त्यसको नकारात्मक असर राजनीतिक दलहरूमा देखिएको छ। सरकारको नेतृत्व गरिरहेको नेपाली काँग्रेसमा एमसीसी अनुमोदनकै विषयलाई लिएर मतभेद देखिएको छैन। बाँकी दल र सत्ता गठबन्धनमा भने यसको असर देखिएको छ। सोमबार पाँच दलीय गठबन्धनबाट राष्ट्रिय जनमोर्चाले अलग हुने निर्णय गरेको छ। नेकपा एकीकृत समाजवादीमा पनि एमसीसी अनुमोदनले मतभेद सिर्जना गरेको छ। प्रमुख सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रमा तुलनात्मक बढी असर देखिएको छ। नारायणकाजी श्रेष्ठसहित ठूलो पंक्तिले एमसीसी अनुमोदन भएकोप्रति असन्तुष्टि जनाएका छन्। श्रेष्ठले एमसीसी अनुमोदन भएकै दिन सामाजिक सञ्जाल मार्फत् कडा आपत्ति जनाएका थिए।


नेतृत्वमा श्रेष्ठ सहित केही नेताहरूले खुलेर आपत्ति जनाए पनि पार्टी पंक्तिमा यसको ठूलै असर परेको छ। कयौं कार्यकर्ताले त्यसैदिन पार्टी परित्याग गरी स्वतन्त्र रहेको जानकारी सामाजिक सञ्जालमा देखियो। यसको कारण भने बितेको तीन वर्षदेखि एमसीसी अनुमोदनको विपक्षमा पार्टी निर्णय हुनु हो। तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) रहँदा एमसीसीबारे पूर्वप्रधानमन्त्री झलनाथ खनाल नेतृत्वमा अध्ययन कार्यदल नै बनेको थियो। उक्त कार्यदलले संशोधन बिना एमसीसी अनुमोदन गराउन नसकिने प्रतिवेदन बुझाएको थियो। कार्यकारी अध्यक्षका हैसियतमा पुष्पकमल दाहाल प्रचण्डले उक्त प्रतिवेदन स्वीकार गरेपछि त्यही अडानमा पार्टी पंक्ति थियो। तर बदलिदो राजनीतिक समीकरणबीच व्याख्यात्मक घोषणासहित प्रचण्ड एमसीसी अनुमोदन गराउन तयार भए। प्रचण्डले लिएको यही निर्णयकै कारण माओवादी केन्द्र फेरि विभाजित हुने भय सिर्जना भएको छ।

माओवादी लगातार विभाजित हुँदै आएकाले पनि त्यस्तो भय स्वभाविक हो। अझ सोमबार मात्रै प्रचण्डले पार्टी छोडेर जानेको अवस्था राम्रो नहुने र पार्टी छोड्नेलाई नरोक्ने अभिव्यक्ति दिएकाले पनि एमसीसीकै कारण माओवादी केन्द्र विभाजित हुन सक्ने अनुमाद स्वभाविक देखिन्छ। हुनत प्रचण्ड मंगलबार श्रेष्ठलाई भेट्न उनकै निवास पुगेका छन्। माओवादी केन्द्र मात्रै नभएर एमसीसीकै कारण आम मनोविज्ञान पनि विभाजित देखिन्छ। यस्तो बेला विभाजन नभएर राष्ट्रिय एकता अपरिहार्य हुन्छ। किनकि मुलुकको हित र राष्ट्रिय स्वार्थ फरक हुन सक्दैन। व्याख्या भने फरक हुन सक्छ। अतः अनुमोदन नै भइसकेको एमसीसीबारे फेरि पनि साझा धारणा निर्माण गर्न जरूरी छ। मुलुकको हित फरक-फरक नहुने भएकाले सम्वादबाट एकताबद्ध बन्न सकिन्छ।

# गाँजामाथि वैधको प्रश्न

अहिले नै गाँजा वैध हुने हो भने नेपालले सन् २०८२ सम्ममा १७० अर्ब डलर कमाई सक्ने अध्ययनले देखाएको छ। यो रकम कति हो, नेपालीले सपनामा पनि चिताउन नसक्ने र गन्नै नसक्ने परिमाणको हुन्छ।

अग्रलेख



● भीम उपाध्याय

विश्वमा सबैभन्दा धेरै गाँजाको वस्तु निर्यात गरेर कमाउने मुलुक अमेरिका, रसिया, चीन र भारत हुन्। अरूलाई वैध गर्नबाट रोक्ने षडयन्त्र गर्नेहरू पनि यिनै मुलुकहरू हुन्। यस्ता मुलुकको षडयन्त्र बुझेरै उरूग्वेले सन् २०१३ मा गाँजा वैध गरिदियो र अहिलेसम्म मजाले कमाएको छ। आजसम्म ७० देशले गाँजा वैध गरिसकेका छन्। तर, नेपालभित्रको षडयन्त्र फरक छ। नेपालबाट वर्षेनि ५० अर्बको गाँजा तस्करीबाट निर्यात हुने अनुमान छ। केही बाठा नेक्ससले तर मारिरहेका छन् अवैध भएर पनि। जनता र सरकारलाई सुको आम्दानी छैन, बरू वर्षेनी गाँजा प्रतिबन्धको व्यवस्थापन गर्न भनेर गरिबमाथि कर थोपरेर कमाएको सबा एक अर्ब रूपैयाँ जेल व्यवस्थापन र गाँजा फाँड्नमा खर्च गर्छ। त्यसमाथि वर्षेनी ५०/६० जना गरिबका छोरा प्राकृतिक जहाँतहीँ उम्रने गाँजाको भरिया बनेका युवालाई जेल कोच्छ।

नेपालभरि प्राकृतिक महाअमृत झार गाँजा फाँड्दै जान वर्षेनी जति खर्च गरे पनि पुग्ने छैन। कुन मुर्खको लहलहैमा लागेर नेपालीहरूको बुद्धि भुटियो र आज साढे ४ दशकदेखि गाँजा फाडेको नाटक गरेर अलिअलि गोजी भर्ने र गरिब युवाहरूलाई जेलमा कोच्ने रोगी मुलुक बन्न पुग्यो। अहिले विश्वका ७० मुलुकले गाँजा वैध गरिसके, कमाउनु कमाई सके। नेपाल भने विदेशमा लाखौं युवा बेचेर कमाएको पैसाले नेता र कर्मचारी पाल्न पाएको छ।



अहिले नै गाँजा वैध हुने हो भने नेपालले सन् २०८२ सम्ममा १७० अर्ब डलर कमाई सक्ने अध्ययनले देखाएको छ। यो रकम कति हो, नेपालीले सपनामा पनि चिताउन नसक्ने र गन्नै नसक्ने परिमाणको हुन्छ।

स्पेनमा १ ग्राम गाँजाको ७ युरोदेखि १० युरोसम्म पर्छ अर्थात् १ के जी को ७ हजार युरोदेखि १० हजार युरो पर्छ। नेपालीमा मूल्य १० लाखदेखि १५ लाख रूपैयाँसम्म। गाँजाको गेडा पौष्टिक आहार हो, त्यसले नसा लाग्दैन। मजाले पिठो वा रोटी पकाएर खायो भने भात, गहुँको भन्दा बढी ताकत दिन्छ। गाँजाको पौष्टिक आहार खाने गर्दा भने रोग लाग्दैन, दिमाग तेज हुन्छ, त्यसमाथि लामो आयु हुन्छ।

नेपालमा पनि गाँजा प्रति किलो रू १३ हजार पर्छ। नेपालका अन्य कुन अन्न वा फलफुल वा तरकारी होला यति मूल्यवान ? १० रूपैयाँ किलोमा बेच्न पनि धौधौं पर्ने तरकारी लगाएरै गरिब भइरहने कि, अलिकति भए पनि गाँजा रोपेर प्रतिकिलो रू १३ हजारमा बेच्न पाउने खेती पनि गर्ने ? १३०० गुणा बढी आम्दानी हुने खेतीतिर पनि लाग्ने कि गरीबीबाट कहिल्यै नतंग्रिने खेतीमा नै रूमल्लिने ?

नेपालमा गाँजालाई वैध गर्न संसदमा पेश गरिएको विधेयकका लक्ष्य गाँजाबाट औषधि र औद्योगिक सामाग्रीहरूको उत्पादन गर्ने, खेती र व्यवसाय गर्ने गरी वैध बनाउनका लागि हो। जहाँतही पसलमा गएर जसले पायो उसले किनेर खाने पिउने, खाने वा जसले पनि गाँजा खेती गर्न पाउनका लागि हैन। खेती व्यावसाय गर्न, उत्पादन गर्न, निर्यात गर्न, सरकारी निकायबाट अनुमति लिनुपर्ने र त्यसका आधारहरू कानुनमा प्रष्ट लेखिएबमोजिम हुने हो। अहिलेको चरणमा गाँजा खुला गर्ने वा खानका लागि वैध गरिने हैन। गाँजा खाने वा बजारमा खुला बेच्ने काम अवैध नै मानिने गरी विधेयक प्रस्तुत गरिएको छ।

> नेपालमा गाँजालाई वैध गर्न संसदमा पेश गरिएको विधेयकका लक्ष्य गाँजाबाट औषधि र औद्योगिक सामाग्रीहरूको उत्पादन गर्ने, खेती र व्यवसाय गर्ने गरी वैध बनाउनका लागि हो। जहाँतही पसलमा गएर जसले पायो उसले किनेर खाने पिउने, खाने वा जसले पनि गाँजा खेती गर्न पाउनका लागि हैन। खेती व्यावसाय गर्न, उत्पादन गर्न, निर्यात गर्न, सरकारी निकायबाट अनुमति लिनुपर्ने र त्यसका आधारहरू कानुनमा प्रष्ट लेखिएबमोजिम हुने हो।

नेपालमा असार/साउन गाँजा पाक्ने बेला हो। कहिले असार आउला, गाँजा फाँड्न पाउँला, कुस्त भत्ता र अन्य सुबिधा कुम्ल्याउँला र पचाउँला भन्ने ताकमा देशभरिका प्रहरी, स्थानीय नेताहरू र क्लबहरूका युवाहरू दिन गनेर कुर्दै बसेका हुन्छन्। गाँजा उम्रने बेलामा नै मास्ने हो भने यतिका नाटक गर्नेहरूको गोजी कसरी भरिन्थ्यो त ? कसले बुझेको छैन छाल गनेर पैसा कुम्ल्याउन पल्केका नेपाली नेताहरू, युवाहरू, प्रहरीहरू र कर्मचारीहरूको तिगडमबाजी। यो फाँड्ने नाटक गरिएको पनि नेपालमा हुर्केकामध्ये १ प्रतिशत गाँजाको पनि हैन। मुलुकभरि जति गाँजा फल्छ, त्यसको १ प्रतिशत पनि पुलिसले फाँडेका हुँदैनन्। पुलिस, प्रशासन, नेता र स्थानीय युवा सबैले गाँजाबाट अवैध आम्दानी गरिरहेका हुन्छन्।

सबैले बुझ्नुपर्छ, गाँजाबाट नबन्ने कुनै वस्तु हुँदैन। हाम्रो शरीरभित्र गाँजा प्रणाली हुन्छ, गाँजा नखाए पनि। आमाको दूधमा गाँजा तत्व हुन्छ। लामो समय दूध खुवाउने आमा र लामो समय आमाको दूध खान पाएको बच्चा मानसिक र शारिरीक रूपमा जीवनभरि स्वस्थ रहनुको कारण यही गाँजा तत्व पर्याप्त खान र खुवाउन पाएर हो। बच्चालाई जति धेरै दूध खुवायो त्यति धेरै शरीरले गाँजा उत्पादन गर्ने हुनाले आमा पनि बढी स्वस्थ हुने भएको हो।

हाम्रो शरीरभित्र जति तत्व छन् लगभग त्यति नै तत्व भएको कुनै वनस्पति छ भने त्यो गाँजा हो। गाँजाबाट आयुर्वेदमा सयौं औषधि बन्छन्। होमिओपेथीमा पनि दुईवटा प्रमूख औषधि बनाईन्छ। एलोप्याथीमा पनि थुप्रै औषधि बनाईएका छन्, यसमा उन्नाईसौं शताब्दीसम्म १०० वटा मुख्य औषधि गाँजाबाट बनेका पाईन्थे।

नेपालमा जहाँतहीँ आफै फल्ने यसो सबैले देख्ने ठाउँमा वा कसैले सूचना दिएको अवस्थामा बाहेक कसैलाई गाँजासँग मतलब पनि हुँदैन। गाँजाको फुल वा चरेश बनाएर पुलिसबाट जोगिदै वा जोगाउदै तस्करसम्म पुऱ्याउने काम गरेर गाउँका युवा किसानहरूले पेट पालिरहेका हुन्छन्। गाउँका पुलिसहरूलाई सबै थाहा हुन्छ र ती अधिकांश उदार पनि हुन्छन्, त्यसैले बुझेरै पक्रन चासो पनि दिँदैनन्।

दलीय प्रतिद्वन्दीताका कारण कोही कोही गाँजा लुकाएको आरोपमा पक्राउ पर्छन् वा पक्राउ गर्न बाध्य हुनुपर्छ र दुःख पाउने गर्छन्। पहुँच भएकाहरू पछि छुटाइन्छन् पनि। गरिब, कमजोर, सोझा साझाहरू भने जेलमा कोचिन बाध्य हुन्छन्। त्यसैले ईश्वरले गरिखाउ भनेर नेपालीलाई बरदान दिएको प्राकृतिक झार गाँजालाई अवैध गरेर जनता पक्राउ गर्दै थुनाउने र परिवारलाई पेट पाल्नबाट बन्चित गर्ने काम महापाप हो। गाँजासँग दुस्मनी गर्नु आफ्नो खुट्टामा आफै बञ्चरो हानेको हो। त्यसैले गाँजालाई निरपराधिकरण गरियोस्, गाँजालाई वैध गरियोस्।

*(लेखक उपाध्याय नेपाल सरकारका पूर्वसचिव हुन्।)*

## सामाजिक सञ्जाल



**- किशोर नेपाल**

देशमा कम्युनिष्ट पार्टीको संख्या बढ्दो छ। माओवादी नेता नारायणकाजी श्रेष्ठले पनि पार्टी खोल्ने हल्ला चलेको छ। जनतालाई त के भो र ! जति धेरै भो त्यति रमाइलो। पार्टी भनेका पनि रंगीचंगी झण्डाभन्दा बढी के साबित भएका छन र ?



**- विमल पोखरेल**

गगन थापाजस्ता आवेगात्मक, वैचारिक स्खलन भएका र सिद्धान्तहीन कांग्रेस नेता पाउनु कम्युनिस्टहरूको लागि खुसीको कुरा थियो। तर, दुर्भाग्यवश सत्ताधारी कम्युनिस्ट नेताहरू गगनभन्दा कैयौं गुणा धेरै स्खलित, विवेकहीन र पतन भए। कांग्रेसभन्दा कम्युनिस्टको पतन धेरै छिटो र तीब्र गतिमा भएको छ।



**- दमननाथ ढुंगाना**

एमसीसीका नाउँमा गठबन्धन थमौति खारेजी मुख्य खेला सकियो। हाम्रा प्रमुख बाम दलहरूको राष्ट्रियताको किसिम, बेग र अडान छर्लङ्ग देख्न पाइयो। खुसीको कुरा संविधानमा नभएपनि व्याख्यात्मक टिप्पणीसहित एमसीसी पारित भयो। दिक्क लाग्दो कुरा जनमानसमा भ्रम छरियो।



**- गिरिश चन्द्र लाल**

न देशको चिन्ता न दुनियाको चिन्ता हाम्रा नेताहरूलाई ! साना-साना केटा-केटी खेलमा रमाउने। जनतामा भ्रम फैलाएर भोट लिने काम गर्ने। आफु मात्र धनी भए पुग्ने। जनताको के चिन्ता ?



**- खड्ग आचार्य**

महाधिवेशनको म्यानडेट उल्टाउने अधिकार कसैको हुँदैन। एमसीसीको सबालमा प्रचण्डले जघन्य अपराध गरेको भन्दै पार्टीको केन्द्रीय कमिटीले एमसीसीमा अल्पमतमा परेका प्रचण्डलाई अध्यक्षबाट निकाल्ने अर्को दाउपेच चलिरहेको बेला नारायणकाजीलाई फकाउन नारायणकाजी निवास रवाना गरे पुष्पकमल।

## सन्दर्भ : महाशिवरात्रि

# शिव तत्व : शिवरात्रि

शिवको साकार स्वरूप उनको स्वरूप मूर्ति हो। अंग आकारले युक्त साकार हो भने अंग आकारले रहित निराकार हो। यसै कारणले मानिसहरू निर्गुण वा सगुणको स्वरूप पूजा गर्छन्। शिव बराबरका आत्म देवता अर्का छैनन्।

टिप्पणी




● अच्युतप्रसाद पौडेल, चिन्तन

हिजो मात्र महान् शिवरात्रि पर्व सम्पन्न भएको छ, हिजोको पशुपति क्षेत्रको अपार भीडलाई हेर्दा भोले बाबाप्रतिको अपार श्रद्धा विश्वभरि नै रहेको पुष्टि हुन्छ। त्यसो त हाम्रो जीवन सधैं शिवमय नै हुनुपर्छ। हामी अहिले महादेव भोले बाबालाई विशेष स्मरण गर्ने दिन शिवरात्रिको सेरोफेरोमा छौं अहिले पनि। शिव स्मरण नै भबाटवी तर्ने एक मात्र अचुक उपाय हो। भुक्ति मुक्ति प्रदायक शिवतत्व, शिव सार, शिव महिमाको चर्चा गर्ने यो लेखको उद्धेश्य रहेको छ।

अन्य पुराणभन्दा शिवपुराण उत्कृष्ट गतिदाता हो। जीवमात्रको उपकारक, त्रिविध तापनाशक, तुलना रहित अतुलनीय छ यो ! सत्पुरूषलाई यसले कल्याण दिन्छ, वेदान्त र विज्ञानमय छ यो पुराण ! तत्वमय छ र निश्काम भावयुक्त छ। इष्यारहित वनाउँछ व्यक्तिलाई यसले ! शिव तत्व, शिव मर्म, शिव धर्म, प्रणव मन्त्रको संकलन हो यो। धर्म, अर्थ, काम, मोक्षको साधन हो। जो आदरपूर्वक पढ्छ जो आदरपूर्वक सुन्दछ उ परमगतिमा प्राप्त हुन्छ। शिवपुराण भक्ति, ज्ञान र वैराग्यको त्रिवेणी हो। ऋषि महर्षिहरूलाई प्रश्नमा सुतजी शिवतत्व सुनाउनु हुन्छ। सम्पूर्णरोग, राग, शोकबाट टाढा राख्ने शिवमहिमा, शिवपुराण, सद्वस्तु हो, सदगति दिने सर्वस्व नै हो। हामीलाई कुनै वस्तु साह्रै प्यारो लाग्छ कुनै पटक्कै प्यारो लाग्दैन। अमुकवस्तु एउटालाई प्यारो लाग्छ अर्कोलाई नलाग्न सक्छ। सवै जसो व्यक्तिहरू शंकालु हुन्छन्। शंका समाधान गर्न विद्धुत्सभाको आवश्यकता पर्छ। ऋषि, महर्षि, पथ प्रदर्शकहरू मिलेर एकपटक ब्रह्माजी सामु गए। सबैले मिलेर प्रार्थना गर्दै भने-हे ब्रह्मन् हजूर सर्वज्ञ हुनुहुन्छ। जगत्को धारणा र पोषण गर्नु हुन्छ। परात्पर पुराणपुरूष के हो ? को हो ? कस्तो होला ?

ब्रह्माजी भन्नुहुन्छ- जसबाट ब्रह्मा, विष्णु, रूद्र, इन्द्र प्रकट भए, सम्पूर्ण ब्रह्माण्डको रचना भयो। सम्पूर्ण प्राणीहरू सृष्टि भए, त्यस्ता देव, आदिदेव, परमदेव महादेव सर्वज्ञ हुनुहुन्छ, सर्वोत्कृष्ट हुनुहुन्छ, भक्तिबाट उहाँलाई साक्षात्कार र एकाकार गर्न सकिन्छ। रूद्र, हरि, हर र अन्य देवेश्वरहरू जसलाई भक्तिभावले जसको दर्शन गर्न चाहनुहुन्छ। भगवान शिवसँग प्रीति राख्नाले व्यक्ति भव बन्धनबाट छुट्छ। देवताका कृपाप्रसाद प्राप्त भएपछि यस्तो परमभक्ति भक्तलाई प्राप्त हुन्छ। जसरी एउटा वीजबाट अंकुर पैदा हुन्छ। अंकुरबाट वीज पैदा हुन्छ ठीक त्यस्तै देवताका प्रसादले भक्ति प्राप्त हुन्छ र भक्तिले देवता प्राप्त हुन्छ। भगवान शिव यज्ञपुरूष हुनुहुन्छ। यज्ञपुरूषको कृपाबाट साध्य र साधनको ज्ञान हुन्छ। साध्यका लागि साधन भक्ति प्राप्त भई मनुष्यलाई परमगति प्राप्त हुन्छ। शिव तत्वबाट शिवपद प्राप्ति गर्नु मानिसको साध्य हो। उहाँको सेवा गर्नु साधन हो, साधनाद्वारा साधकले साध्य प्राप्ति गर्न सक्छ। अनुष्ठानको



फल व्यक्तिले शिव पादमा अर्पण गर्नुपर्ने हुन्छ, समर्पण गर्नुपर्ने हुन्छ। परमेश्वर पद प्राप्तिको सरल मार्ग यही नै हो। यस्तो कर्मबाट सालोक्य मुक्ति प्राप्ति हुन्छ। भक्तिका साधन धेरै छन्। मूल रूपमा भक्तिको साधन हो कान, कानबाट भगवानका नाम, गुण, लीला, अवतार कथा श्रवण गरिन्छ। वाणीद्वारा नामोच्चारण हुन्छ, भजन हुन्छ, किर्तन हुन्छ, मनद्वारा चिन्तन हुन्छ, मनन हुन्छ, मनोमथन हुन्छ।

***श्रोत्रेण श्रवणं तस्य वचसा कीर्तनं तथा। मनसा मननं तस्य महासाधनमुच्यते*** *(शि.पु.विधे.३/२१-२२)*

प्रत्यक्ष देख्ने काम आँखाबाट हुन्छ, देखेपछि प्रमाण हुन्छ, भरपर्दो हुन्छ, विश्वसनीय हुन्छ। बाह्य आँखा भन्दा पनि दिव्य आँखाले यथार्थ भेटिन्छ, देखिन्छ। मानिस बुझेर, देखेर त्यसको प्राप्ति तर्फ उन्मुख हुन्छ। पैलो साधन श्रवण नै हो, नवधा भक्तिमा प्रवेश गर्दा सुरूमा श्रवण मै जानुपर्ने हुन्छ। गुरू मुखबाट तत्वज्ञान श्रवण गरिन्छ। श्रवण पछि व्यक्ति साधन तिर उन्मुख हुन्छ, साधन किर्तन हुन सक्छ, चिन्तन र मनन हुन सक्छ। विस्तारै व्यक्तिलाई यसपछि शिवको संयोग हुन जान्छ, लौकिक आनन्ददेखि माथि उठेर अलौकिक आनन्दको अनुभूति गर्न थाल्छ व्यक्ति !

शिवको पूजा गर्नु, उनको नाम जप्नु, उनको गुण, रूप चित्रमा प्रवृत्त गराउनु चिन्तन हो, मनन हो, महेश्वरको कृपा दृष्टिले जीवले शिवत्व प्राप्ति गर्छ। शिव प्राप्ति जीवको उद्देश्य हो, आकांक्षा वा साध्य हो। हामीले सत्यवस्तुको चिन्तन गर्नुपर्छ। सत्य वस्तु भनेको शिव हो, जो सँग साक्षत्कार गर्न सकेमा सर्व कल्याण हुन्छ। सर्व कल्याणका लागि भक्ति साधना श्रवण, कीर्तन र मनन जरूरी छ। शिव शंकरको बारेमा श्रवण, कीर्तन र मनन गर्नाले महत्तम साधना सिद्धि हुन्छ। भगवान शिवका आज्ञाले सनतकुमारलाई नन्दीश्वरले शक्ति दिनुभयो। सवैका स्वामी शिव गणका स्वामी भगवान नन्दीश्वर हुनुहुन्छ। मुक्तिको उत्तम साधन उहाँले नै बताउनु भयो। मुक्तिको साक्षात् कारण, श्रवण, कीर्तन र मनन नै हो, वेद सम्मभतः छ यो ! मुक्तिको उपाय भक्ति हो भक्तिको स्वरूप श्रवण हो, कीर्तन हो र मनन हो। श्रवण, कीर्तन र मनन गर्न नसक्नेका लागि अर्को उपाय छ, भगवानको साकार विग्रहको साधना गर्ने अर्थात् पूजा गर्ने, शिव लिंग स्थापना गर्ने, मूर्तिको नित्य पूजा गर्ने, नित्य पूजा गर्नाले संसार सागरबाट पार हुन सकिन्छ। गच्छेअनुसार आफ्नो धनराशि शिव मूर्तिमा सुम्पिनु पर्ने हुन्छ, अर्पण गर्नुपर्ने हुन्छ। शिव लिंग एवं शिव मुर्तिको पूजा गर्नुपर्ने हुन्छ। भक्ति भावले मण्डप निर्माण गर्ने, तीर्थ स्थापना, मठ निर्माण, क्षेत्र स्थापना, उत्सवको आयोजना गर्नुपर्ने हुन्छ। बस्त्र, गन्ध फूल, दिप, नैवेद्य समर्पित गर्नुपर्ने हुन्छ। छत्र, ध्वजा, व्यंजन, चामर, संर्पूण साधनले राजोपचारले पूजा गर्नुपर्ने हुन्छ। प्रदक्षिणा, नमस्कार, यथा शक्ति जप गर्नुपर्ने हुन्छ। आवाहनदेखि विसर्जनसम्म प्रतिदिन भक्तिभावले गर्नुपर्ने हुन्छ। यसरी अनुष्ठान पूजा गर्नाले, श्रवण, कीर्तन, मनन गर्न नसक्नेहरूलाई पनि सोको फल प्राप्ति हुन्छ। धेरै ऋषि, महर्षि, ब्रह्मज्ञानीहरू शिवजीको पूजा आराधना गरेर भवबन्धनबाट छुटे।

सबै देवताहरूको मूर्तिमा पूजा हुन्छ। परन्तु शिवजीको मूर्ति वा लिंग दुबैमा हुन्छ। यो शंका भने महादेवभन्दा अरूले निवारण गर्न सक्दैनन्। शिवजीलाई २ रूपबाट चिन्तन गर्न सकिन्छ। सगुण साकार रूप र निर्गुण निराकार रूप ! निराकार भएकाले शिवजीको शिव लिंगमा पूजा हुन्छ। शिव लिंग शिवको निराकार स्वरूप हो। शिवको साकार स्वरूप उनको स्वरूप मूर्ति हो। अंग आकारले युक्त साकार हो भने अंग आकारले रहित निराकार हो। यसै कारणले मानिसहरू निर्गुण वा सगुणको स्वरूप पूजा गर्छन्। शिव बराबरका आत्म देवता अर्का छैनन्। अघि सनतकुमार र भगवान नन्दीश्वरका बीच यस्तै वार्ता भएको थियो। निस्पाप सनत्कुमारलाई नन्दीश्वरले भन्नु भएको थियो। शिव लिंग स्वय ब्रह्म स्वरूप हो, यो गोपनीय विषय हो। परन्तु शिव भक्त भएकाले मैले यहाँलाई श्रवण गराएको हुँ भन्नुभएको छ नन्दीश्वरले ! स्वयं प्राकाट्य यस्तो शिव लिंग हाम्रो देश नेपालमा मात्रै छ र संसारका हिन्दुधर्मावलम्वीहरू यहाँ नपुगी आफ्नो मनोकाँक्षा पूरा गरेको मान्दैनन्। यहाँ दर्शनार्थीहरूका लागि सधैं खुल्ला छ र पनि शिवको प्यारो शिवरात्रि एक महान पर्व हो र त यसैपालि पनि शिवरात्रिमा १० लाख भक्तहरूको ओइरो लाग्ने प्रक्षेपण पहिले नै गरिएको हो।

# रुस र युक्रेनबीचको पहिलो चरणको वार्ता निष्कर्षविहीन



**काठमाडौं/एजेन्सी–** रुस र युक्रेनबीचको युद्ध चर्किएका बेला सोमबार यी दुई देशकाबीचमा पहिलो चरणको शान्ति वार्ता भएको छ । सो वार्ता युक्रेन र बेलारुसबीचको सीमामा भएको थियो । रुसी र युक्रेनी अधिकारीहरूबीच पहिलो चरणको वार्ता सकिएको तर सो वार्ताले कुनै निष्कर्ष भने ननिकालेको अधिकारीहरुले जनाएका छन् ।

युक्रेनका अधिकारीहरुले नै यस वार्ताले त्यस्तो कुनै ठूलो नतिजा निकाल्ने अपेक्षा गरिएको बताएका छन् । वार्तामा सहभागी अधिकारीहरु दुवै पक्ष आआफ्नो राजधानी फर्किएका छन् र उनीहरुले आवश्यक परामर्श गरी दोस्रो चरणको वार्ता गर्ने बताएका छन् ।

रुस पछिल्लो चरणमा वार्ता जारी राख्न सहमत भएको थियो । सोही बमोजिम नै दुवै पक्ष वार्तामा बसेका थिए । रुस र युक्रेनले आगामी केही दिनभित्र नै अर्को उच्चस्तरीय वार्तामा बस्ने बताएका छन् ।

उता रुसले भने पछिल्ला दिनमा युक्रेनको राजधानी किभका आवासीय क्षेत्रहरूमा रुसले हवाई आक्रमण गरेको छ । रुसले यहाँका आवासीय क्षेत्रहरुमै गोलाबारी गरिरहेको आरोप लगाइएको छ ।

यसरी नागरिकको आवासीय क्षेत्रलाई निशाना बनाइरहेको भन्ने कुराको भने रुसले अस्वीकार गरेको छ । यता राजधानी किभमा भने खतराको जनाउ दिने साइरनहरु बजेका बताइएको छ ।

त्यस्तै युक्रेनको उत्तरी शहर चर्निभमा पनि गोलाबारी भइरहेको बताइएको छ । रुसले युक्रेनमाथि धेरै स्थानबाट हमला गरिरहेको छ । ती स्थानहरुमा युक्रेनी फौजको प्रतिवाद भने जारी छ । जसका कारण रुसी सेना अगाडि बढ्ने गति कम भएको छ ।

युक्रेनको दोस्रो ठूलो शहर खारकिएभमा रुसले ठूलो हमला गरेको छ । यो हमला फ्रिडम स्क्वायरस्थित सरकारी कार्यालयलाई निशाना बनाउँदै गरिएको थियो । युक्रेनको सोसल मिडियामा भाइरल भिडियोमा एउटा मिसाइल सरकारी भवनसँग ठोक्किएको देख्न सकिन्छ । यसका कारण जोडदार बिस्फोट भयो । यसले भवनमा ठूलो क्षती पुर्यायो र गाडीसमेत उडे ।

हमलापछिको भिडियोमा सिटी स्क्वायर नजिकै जलेका गाडी र भग्नावशेष देख्न सकिन्छ । यो हमला स्थानीय समयानुसार बिहान ८ बजे भयो । यद्यपि, अहिलेसम्म हमलामा कोही पनि हताहत भएको जानकारी पाइएको छैन । हमलापछिको स्थिति देखाउने भिडियो बीबीसीले अनुसन्धान गरेको छ । पछिल्लो केही दिनमा उत्तरपूर्वी खारकिएभमा भीषण लडाईं र हवाई बमबारी जारी छ । यो युक्रेनको दोस्रो ठूलो शहर हो जहाँ करिब १६ लाख जनसंख्या छ ।

# मिसाइल विमान उडानमा प्रतिबन्ध लगाउन माग

**काठमाडौं/एजेन्सी–** युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले पश्चिमा देशले रुसी मिसाइल, विमान तथा हेलिकप्टरको उडानमा प्रतिबन्ध लाग्ने गरी 'नो-फ्लाइ जोन' नियम लागु गर्नु पर्ने माग गरेका छन् ।

रुसले युक्रेनका शहरमा गोलबारी गरिरहेको छ । त्यसलाई रोक्नका लागि पश्चिमा देशले रुसलाई लक्षित गरी नो-फ्लाइ जोनको घोषणा गर्नु पर्ने जेलेन्स्कीले माग गरेका हुन् । सोमबार जारी गरेको भिडियो सन्देशमा जेलेन्स्की यो नियम कसले र कसरी लागु गर्ने भन्नेबारे स्पष्ट पारेका छैनन् ।

रुसले पछिल्लो पाँच दिनमा युक्रेनमाथि ५६ वटा रकेट तथा ११३ वटा क्रुज मिसाइल प्रहार गरेको जेलेन्स्कीले बताए । रुसले गएको बिहीबारदेखि युक्रेनमाथि आक्रमण गर्दै आएको छ । रुसले युद्ध अपराध गरेको आरोप जेलेन्स्कीले लगाएका छन् । रुसलाई अन्तर्राष्ट्रिय अदालतमा लैजानु पर्ने माग उनले गरे ।

## प्रदेश सरकार
## लुम्बिनी प्रदेश विकास मन्त्रालय
## पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय
## खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, बाँके

### फिटिङ्ग खरिद सम्बन्धी बोलपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७८/११/१८**

यस कार्यालय अन्तर्गत बाँके र बर्दिया जिल्लामा संचालित विभिन्न खानेपानी तथा सरसफाई आयोजनाहरुको लागि विभिन्न साइज तथा स्पेसिफिकेशनमा उल्लेख भए अनुसारका फिटिङ्ग खरिद कार्य ठेक्कापट्टाबाट गराउनु पर्ने भएकाले निम्न शर्तहरुको अधिनमा रही इजाजत प्राप्त कम्पनी, फर्म तथा सप्लायर्सहरुबाट बोलपत्र आव्हान गरिएको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय बाँकेद्वारा आ.व. २०७८/०७९ मा संचालित विभिन्न खानेपानी तथा सरसफाइ आयोजनाहरुमा तपसिलको खरिद कार्यहरु खुल्ला प्रतिस्पर्धाबाट गराउनु पर्ने भएकाले इच्छुक रित पुगेका नेपाली इजाजत प्राप्त कम्पनी, फर्म तथा सप्लायर्सहरुबाट तपसिलको शर्तहरुको अधिनमा रहने गरी छुट्टाछुट्टै e–bidding मार्फत बोलपत्र आव्हान गरिन्छ ।

१. यो सूचना प्रकाशित मितिले ३१ (एकतिसौं) दिनको १२ बजे भित्र रु ३०००।- फिर्ता नहुने गरी बुझाई आ.व.२०७७/०७८ सम्मको कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र, इजाजत प्रमाणपत्र एवं म्याद थप गरेका कागजातका प्रमाणित प्रतिलिपिहरू सम्लग्न गरी www.bolpatragov.np/egp बाट मात्र बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र दस्तुर राष्ट्रिय वाणिज्य बैंक नेपालगन्जको राजश्व शिर्षक नं. १४२२९ (प्रशासनिक दस्तुर बोलपत्र), कार्यालय कोड नं. ३३७०५५७०१५ र खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको स्क्यान कपी भौचर सहित सम्लग्न गरेको हुनु पर्ने छ । निर्माता कम्पनीहरू बाहेक अन्य इजाजत प्राप्त फर्म/सप्लायर्सहरुको हकमा निर्माताबाट बिक्रीको लागि एकलौटी रुपमा जारी गरिएको आधिकारिक पत्र Manufacture's Authorization Letter को सक्कलै प्रति अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
२. जमानत बापत तोकिएको रकम राष्ट्रिय वाणिज्य बैंक नेपालगन्जको कार्यालय कोड नं.३३७०५५७०१५ र धरौटी खाता नं. ४१३०१००२०२०३०००० मा जम्मा गरेको स्क्यान भौचर वा मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको बैंक जमानी पत्र (बिड बन्ड) बोलपत्र खोलिने दिनले कम्तीमा १२० दिनको म्याद भएको सम्लग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२ बजेसम्म online e–bidding मार्फत पेश गर्नुपर्ने छ । online e–bidding मार्फत दर्ता भएका बोलपत्र सोही दिन दिनको १:०० बजे बोलपत्र दाता वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा यसै कार्यालयमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. www.bolpatra.gov.np/egp बाट खरिद गरिएको बोलपत्रको मूल्य अङ्कित परिमाण सूचिको दररेट महलको अङ्क र अक्षरमा उल्लेख गरी सबै पानामा सहीछाप गरी online e–bidding मार्फतबाट मात्रै बोलपत्र पेश गर्नुपर्ने छ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिनमा क्रमशः सो कार्यहरू गरिने छ ।
५. बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
६. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ । अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ । बोलपत्र सम्बन्धी केहि कुरा संशोधन गर्न पर्ने भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनुको साथै Bid Addendum गरिने छ ।
६. यस सूचनामा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ ।
७. अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ । बोलपत्र सम्बन्धि केहि कुरा संशोधन गर्न पर्ने भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनुको साथै Bid Addendum गरिने छ ।

**कार्य विवरण**

| क्र. स | बोलपत्र नं. | कामको विवरण | कामको विवरण | आयोजना स्थल | बोलपत्र दस्तुर रु | जमानत रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | ४०।२०७८।०७९ | बिभिन्न खा.पा.आ., बर्दिया | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बर्दिया | ३,०००।०० | २,४६,०००।०० | |
| २. | ४१।२०७८।०७९ | टिटिहिरिया र सितापुर खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,६२,०००।०० | |
| ३. | ४२।२०७८।०७९ | भमका र ईन्द्रपुर डिप ट्युपवेल खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,१६,०००।०० | |
| ४. | ४३।२०७८।०७९ | फत्तेपुर, गाभर र कुमालगाँउ खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,६६,०००।०० | |
| ५ | ४४।२०७८।०७९ | अगैया, कुसुम लिप्ट र राप्ती गौशाला खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,७३,०००।०० | |
| ६. | ४५।२०७८।०७९ | कचनापुर हरिहरपुर र उढरापुर खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,७६,०००।०० | |
| ७. | ४६।२०७८।०७९ | खजुरा २,४,७ अमवा, र बैजनाथ १-८ खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,७८,०००।०० | |
| ८. | ४७।२०७८।०७९ | रफ्झेना र खजुराखुर्द खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,७६,०००।०० | |
| ९. | ४८।२०७८।०७९ | गंगापुर-१ र डुडुवा-५ तपसि बाबा मन्दिर खा.पा.आ., बाँके | जि.आई, सि.आई तथा डि.आई फिटिङ्ग खरिद कार्य । | बाँके | ३,०००।०० | २,६५,०००।०० | |

(नि. डिभिजन प्रमुख)

# अष्ट्रेलिया र दक्षिण कोरियाले युक्रेनलाई सहयोग गर्ने



**काठमाडौं/एजेन्सी–** अष्ट्रेलियाले युक्रेनलाई पाँच करोड डलर बराबरको सैन्य सहयोग गर्ने बताएको छ । मंगलबार प्रधानमन्त्री स्कट मोरिसनले पाँच करोड डलर बराबरको घातक तथा गैर घातक सैन्य सहयोगअन्तर्गत युक्रेनलाई मिसाइल (क्षेप्यास्त्र) पठाउने बताएका हुन् ।

'हामीले गोलीगट्ठा, क्षेप्यास्त्रको कुरा गरिरहेका छौं, उनीहरूको आफ्नै मातृभूमि युक्रेनको रक्षाका लागि सहयोग गर्ने कुरा गरिरहेका छौं,' उनले पत्रकार सम्मेलनमा भने । मानवीय सहायताअन्तर्गत युक्रेनी सरकार र विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थालाई थप दुई करोड ५० लाख डलर बराबरको सहायता उपलब्ध गराउनेसमेत उनले बताएका छन् । रुसलाई आर्थिक रुपमा नाकाबन्दी गर्दै एक्लाउन अष्ट्रेलियाले सो सहयोग गर्न लागेको समाचारहरुमा उल्लेख छ ।

यस्तै दक्षिण कोरियाले युक्रेनका लागि १० मिलियन डलर मानवीय सहायता युक्रेनलाई प्रदान गर्ने सउलका विदेशमन्त्रीले जानकारी दिएका छन् । उक्त सहयोग युक्रेनको सरकार, छिमेकी देश र अन्तर्राष्ट्रिय संस्थासँगको सहकार्यपश्चात् प्रदान गरिने मन्त्रालयले बताएको छ ।

दक्षिण कोरियाका राष्ट्रपति मुन जेई-इनले सोमबार आफ्नो सरकारलाई युक्रेनका लागि तत्काल मानवीय सहायता प्रदान गर्न आदेश दिएका थिए । 'हाम्रो सरकारको सहायताले युक्रेनका जनता र शरणार्थीलाई प्रभावकारी रुपमा सहयोग गर्ने छ । हामी युक्रेनमा मानवीय संकट समाधान गर्न सक्रिय योगदान जारी राख्नेछौं,' मन्त्रालयले भनेको छ ।

# अमेरिकाद्वारा १२ रुसी कूटनीतिज्ञ निष्काशित

**काठमाडौं/एजेन्सी–** अमेरिकाले १२ रुसी कूटनीतिज्ञलाई निष्काशन गर्ने भएको छ । उनीहरु जासुसी गतिविधिमा संलग्न भएको र त्यसले राष्ट्रिय सुरक्षामा जोखिम उत्पन्न गरेको भन्दै अमेरिकाले सोमबार १२ रुसी कूटनीतिज्ञलाई देश निकाला गर्ने घोषणा गरेको हो ।

संयुक्त राष्ट्रसंघका लागि अमेरिकी मिसनकी प्रवक्ता ओलिभिया डाल्टनले रुसी कूटनीतिज्ञले अमेरिकामा आफ्नो बसाइको गलत प्रयोग गरी जासुसीको काम गरेकाले निकाला गरिएको बताएकी छन् ।

संयुक्त राष्ट्रसंघका लागि रुसी राजदूत भासिली नेबेन्जियाले कूटनीतिज्ञहरुलाई मार्च ७ भित्र देश छोड्न भनिएको पत्रकारलाई बताएका छन् । निष्काशनमा पर्ने सबै संयुक्त राष्ट्रसंघका लागि रुसी कूटनीतिज्ञ हुन् । नेबेन्जियाले अमेरिकी निर्णयको विरोध गरेका छन् ।

रुसले गएको बिहीबारदेखि युक्रेनमा आक्रमण गरेपछि अमेरिकाले आर्थिकसहितका प्रतिबन्धात्मक नियम लागु गरेको छ । पछिल्लोपटक उसले कूटनीतिज्ञलाई निष्काशन गर्ने निर्णय गरेको हो ।

संयुक्त राष्ट्रसंघको मुख्यालयसँगको अन्तरक्रियामा रुसी कूटनीतिज्ञलाई निष्काशन गरिएको प्रवक्ता डाल्टनले बताएकी छन् ।

कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरु आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

- Reception (Female)- 4
- Document Section (Female)- 6
- Office Secretary (Female)- 4
- Accountant (Female)- 2
- Pro (Male/Female)- 6/6
- Office Runner (Male)- 4
- Flight Depart Manager (Male)- 2
- Documentation Manager (Male)- 2
- Kitchen Helper (Female)- 2

तलब: आपसी समझदारीमा

सम्बन्धित काममा २ वर्ष को अनुभव हुनुपर्नेछ । भोलि १० बजे देखि अन्तरवार्ता हुने छ।

Gov. Lic No. 946/067/068
Kankai Recruitment Suppliers Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal Tel: 01-4954490
Mobile: 9800941029, Email: kankairecruitment4@gmail.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना


**तेस्रो पटक प्रकाशित मिति: २०७८/११/१८**

**संतोष गौतम कन्स्ट्रक्सन एण्ड बिल्डर्स प्रा.लि.** को मिति २०७८/०७/२० गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अनुपम मल्टिपर्पोज एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा. लि. नं.: २३१९८३)**, कायम गर्ने गरी मिति २०७८/१०/०९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM
VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

# बक्स अफिस समाचार

## पल शाह प्रकरणमा बोले अभिनेत्रीहरु







**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

देशमा एमसीसी र नायक पल शाह प्रकरण लगभग एकै समयमा चर्कियो । सोमवार संसद्ले एमसीसी अनुमोदन गरेपछि यो विषय सेलाएको छ । तर, पल प्रकरणले अझै केही समय मिडिया र सामाजिक सञ्जाल तात्ने देखिन्छ । फागुन ११ गते तनहुँ जिल्ला प्रहरी कार्यालयमा एक नाबालिगले जबर्जस्ती करणीको मुद्दामा जाहेरी दिएपछि फरार रहेका पलले आइतबार आत्मसमर्पण गरे ।

तनहुँ जिल्ला अदालतले उनलाई ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई आदेश दिएको छ । तर, अनुसन्धानलाई समेत प्रभावित पार्ने गरी यतिबेला तनहुँ प्रहरी कार्यालय अगाडि पलको पक्षमा नारा-जुलुस भइरहेको छ भने कतिपय पल निर्दोष रहेको भन्दै सामाजिक सञ्जाल र मिडियामा विभिन्न खाले तर्क गरिरहेका छन् । कति ती नाबालिग गायिकामाथि समेत खनिएका छन् ।

पल शाह प्रकरणमा फिल्म क्षेत्र पनि दुई कित्तामा बाँडिएको छ । पूजा शर्मा, शोभित बस्नेत लगायतको एउटा समुह बलात्कारको आरोप लागेका पल शाहको बचाउमा उत्रिएको छ । पूजा शर्माले त कानुनलाई समेत चुनौती दिँदै पललाई कसैले केही गर्न नसक्ने अभिव्यक्ति दिएकी छन् । अर्कोथरी समुह जाहेरी दिएकी नाबालिग गायिकाको पक्षमा उभिएको छ तर खुलेर बोल्न सकेको छैन ।

यसैक्रममा, अभिनेत्री रेखा थापाले घुमाउरो रुपमा गायिकालाई समर्थन गर्दै फेसबुकमा लेखेकी छन्, '२० बर्षभन्दा मुनिका बालिका हुन् । बालिका कानुनतः सबै प्रकारका सुरक्षा र अभिभावकत्व प्राप्त गर्ने अधिकार राख्दछन् । समाजको भूमिका उनीहरुलाई संरक्षण गर्ने हो ।' कोसँग लभ छ ? र कति पटक यौन सम्पर्क भयो ? भन्ने कुराको कानुनलाई मतलब नहुने उनले बताएकी छन् ।

त्यस्तै, अभिनेत्री ऋचा शर्माले पनि फेसबुकमा स्टाटस लेख्दै नाबालिगको विश्वासको हत्या गर्नेको पक्षमा लागेर एक नाबालिगको चरित्र हत्या गर्न नहुने बताएकी छन् । कानुनले नाबालिगको संरक्षण गर्नुपर्ने उनको तर्क छ । नाबालिगकै करमा यौन सम्बन्ध राखेको भएपनि त्यो बलात्कार हुने र उसैले बोलाएको भनेर कानुनले कसैलाई छुट नदिने उनले फेसबुकमा उल्लेख गरेकी छन् ।

हाल अमेरिकामा रहेकी अभिनेत्री विनिता बरालले ललाई-फकाई गर्ने छोरो मान्छेको नजरबाट आफ्ना छोरीहरुलाई कसरी बचाउने भनेर प्रश्न उठाएकी छन् । उनी लेख्छिन्, 'म पनि सधैं उस्तै त्रासमा बाँच्ने दुईवटा छोरीहरुकी आमा हुँदैछु । कसरी जोगाउने यी नानीहरुलाई ? कस्तो शिक्षा दिए आफूलाई बचाउन सक्नेछन् ? कुन क्षेत्रमा कर्म गर्न पठाए आफूलाई जतनसँग राख्न सक्लान् ?'

## 'पानीफोटो'को प्रदर्शन मिति तय

**काठमाडौं/मस-** अभिनेता खगेन्द्र लामिछानेले पहिलो पटक निर्देशन गरेको फिल्म 'पानीफोटो' को प्रदर्शन मिति घोषणा गरिएको छ । छायांकन सकिएको २ वर्षभन्दा बढी भइसकेपनि कोरोना महामारीका कारण फिल्म प्रदर्शनमा आउन सकेको थिएन । अब फिल्मलाई आगामी भदौ १० गते प्रदर्शन गरिने भएको छ । वितरकसँग लामो छलफल पश्चात् फिल्म टिमले प्रदर्शन मिति घोषणा गरेको हो ।




खगेन्द्रले आफू लिखित नाटक 'पानीफोटो' लाई फिल्मको स्वरुप दिएका हुन् । माओवादी जनयुद्धको समयमा झन्डै डेढ दशक अगाडि बेपत्ता भएको छोराको पर्खाइमा बसेका बा-आमाको कथालाई प्रस्तुत गरिएको फिल्ममा खगेन्द्रसँगै सुनिल पोखरेल, अनुप बराल, मेनुका प्रधान, प्रकाश घिमिरे, माओत्से गुरुङ, बुद्धि तामाङ्ग, मलिका महत, अशान्त शर्मा लगायतको अभिनय रहेको छ ।

काठमाडौं, बर्दिया, रोल्पा र स्याङ्जामा छायांकन भएको फिल्मलाई दीपक बज्राचार्यले छायांकन गरेका हुन् । त्यस्तै, फिल्ममा निमेष श्रेष्ठ र अर्जुन कार्कीको सम्पादन र पुष्पा संगमको पार्श्व संगीत रहेको छ । टुकी आर्ट्स र मन्जुश्री फिल्म्सले निर्माण गरेको फिल्ममा खगेन्द्र स्वयंको लेखन रहेको छ । यस फिल्मलाई रोजिना सिटौला र रविन्द्र बज्राचार्यले संयुक्त रुपमा निर्माण गरेका हुन् ।

खगेन्द्रले नाटकलाई फिल्ममा ल्याउने आफ्नो सपना पूरा भएकोमा खुसी व्यक्त गरे । उनी भन्छन्, ' यो नाटकलाई फिल्म बनाउँछु भन्ने मेरो सन् २०११ देखिको सपना थियो । धेरैले नाटक रुचाउनुभएको थियो । यसलाई झन् धेरै दर्शकमाझ पुऱ्याउन मन थियो, जुन फिल्मबाट मात्र सम्भव थियो । यद्यपि, मैले पुस्तक भने निकालेको थिएँ । तर, फिल्म नै बनाउन चाहन्थेँ, जुन बल्ल पूरा भयो ।'

## 'म' जेठमा आउने

**काठमाडौं/मस-** लामो समयदेखि फिल्म सम्बन्धि अध्यापन गराउँदै आएको कान्तिपुर फिल्म एकेडेमीद्वारा निर्मित फिल्म 'म' को प्रदर्शन मिति घोषणा गरिएको छ । शनिवार एकेडेमीका प्रमुख प्रकाश पुरीले वितरक कम्पनीहरु डिसिएन र एफडीसँग आगामी जेठ २० गतेलाई प्रदर्शनको सम्झौता गरेका हुन् । डिसिएनले फिल्मलाई काठमाडौंभित्र तथा एफडीले उपत्यका बाहिर प्रदर्शन गर्नेछ ।




प्रकाश पुरीको कथा रहेको 'म'लाई सुर्वण थापाले निर्देशन गरेका हुन् । फिल्ममा सरोज खनाल, निराजन प्रधान, निशा अधिकारी, रुविना थापा, सरिता लामिछाने, सविन श्रेष्ठ, नरेन खड्का, संजोग रसाइली, पुनम श्रेष्ठ लगायतका कलाकारको अभिनय रहेको छ । कलाकारद्वय रसाईली र श्रेष्ठ कान्तिपुर फिल्म एकेडेमीका विद्यार्थी हुन् । उनीहरुले यही फिल्मबाट अभिनय यात्रा सुरु गरेका हुन् । फिल्मका निर्माता बिमला हुमागाईं र पदम पुरी हुन् । तेन्जीङ्ग पाल्देनको छायांकन रहेको फिल्मको सम्पादन बनिस शाहले गरेका छन् ।

## एक्सन र प्रेमले भरिपूर्ण 'हेल्लो जिन्दगी' ट्रेलर

**काठमाडौं/मस-** एभरेष्ट सूर्य बोहराको लेखन तथा निर्देशनमा तयार भएको फिल्म 'हेल्लो जिन्दगी' को ट्रेलर सार्वजनिक भएको छ । २ मिनेट १४ सेकेन्ड लम्बाईको ट्रेलर एक्सन, प्रेम र रोदनले भरिएको छ । अभिनेता विक्रम डि जोशीले विदेशी भूमिमा हासिल गरेको लोभलाग्दो सफलता र जीवनमा एक युवतीको आगमनपछि आउने उचार-चढावमा फिल्म केन्द्रित रहेको ट्रेलरबाट प्रस्ट्याउन खोजिएको छ ।



ट्रेलरमा अभिनेत्री द्वय प्रियंका कार्की र दीपिका प्रसाईंसँगै कलाकार विल्सन विक्रम राईले पनि 'स्क्रिन स्पेश' पाएका छन् । यसै वर्षको चैत ११ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा एभरेष्ट सूर्य बोहरा, सबिता गुरुङ, विक्रान्त बस्नेत, सनमकुमार बैराग, जानकी पन्त (जुन), ध्रुव दत्त, कुमुद पन्त लगायतको पनि अभिनय छ । फिल्मको नेपाल र लण्डनमा छायांकन भएको हो ।

सबिता गुरुङ सह-निर्माता र हिराल जोशी र बिक्रम डि जोशी निर्माता रहेको फिल्मको कार्यकारी निर्मातामा सृजना जोशी महर्जन छन् । फिल्मको कथा निर्देशक बोहरा र बिक्रम डि जोशीले लेखेका हुन् भने पटकथा र संवादमा बोहरालाई अभिमन्यु निरवीले सघाएका छन् । फिल्ममा निर्देशक बोहराकै शब्द, राजनराज सिवाकोटी एलिस कार्कीको संगीत र बिष्णु देवाको कोरियोग्राफी छ ।

महारानी इन्टरटेन्मेन्ट युके र एभरेष्ट सूर्य बोहरा फिल्मस्सँगको संयुक्त सहकार्यमा बिरञ्जना इन्टरटेन्मेन्टको प्रस्तुति रहेको 'हेल्लो जिन्दगी' मा पुरुषोत्तम प्रधानको छायांकन छ भने सम्राट बस्नेतको द्वन्द्व र मित्र डि. गुरुङको सम्पादन रहेको छ ।

**KONJYOSOM RURAL MUNICIPALITY**
**Office of The Rural Municipal Executive**
**Chaughare, Lalitpur**
**Bagmati Province**

**Invitation for e-Sealed Quotation**

**First Date of Publication: 2022-03-02 (12:00 am)**
**Last Deadline for Submission Bid Document : 2022-03-18 (12:00 noon)**
**Bid Opening Date :2022-03-18 (1:00 PM)**

1 ***Office of Rural Municipal Executive Konjyosom,Lalitpur*** invites e-Sealed Quotation from Nepalese eligible bidders for the contract named below:-

| SN | Contract Identification No | Work Description / Name of the project | Estimated Amount With VAT & PS (NRs) | Bid Security Amount NRS | Bid Purchasing Fee in NRs |
|---|---|---|---|---|---|
| 1 | KRMC/G/SQ/01/078/079 | *Supply and Delivery of Lamiduwali Suspended Bridge Fabrication Items* | *9,45,156.11* | *24,000* | *1000* |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at ***Office of Rural Municipal Executive Konjyosom,Lalitpur, konjyosom2075@gmail.com, 9849323458, 9843241221*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Sanima Bank , Konjyosom**
   Name of Office: ***Office of Rural Municipal Executive Konjyosom, Lalitpur***
   Revenue Account name :- **GA-1.1 AANTARIK RAJASHWA KHATA**
   Office Revenue Account no**.: 066010040000013**
4. Pre-bid meeting shall be held at ***Office of Rural Municipal Executive Konjyosom, Chaughare, Lalitpur*** at ***2022-03-06 at 1 pm.***
5. Electronic bids must be submitted to ***Office of Rural Municipal Executive Konjyosom,Chaughare,Lalitpur*** through PPMO website: ***www.bolpatra.gov.np/egp*** on or before **2022-03-18** at ***12 pm(noon) .*** Bids received after this deadline will be rejected.
6. The Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2022-03-18 at 1 pm*** at the office of ***Office of Rural Municipal Executive Konjyosom,Lalitpur*** Bids must be valid for a period of ***45 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of ***mentioned above in table*** which shall be valid for 30 days beyond the validity period of the bid .The bidder who wishes to submit the Bid security in the form of cash, bidders has to deposit cash in **Sanima Bank Konjyosom Branch** ,account named **GA-3 KONJYOSOM GA.PA. DHARAUTI KHATA** WITH Account no. **066010020000003.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason ,whatsoever .
9. Matters not covered in this tender notice shall be in accordance with public procurement act,2063 and public procurement regulations , 2064 and other prevailing rules and regulations, as per bid document and decision of office.

**Chief Administrative Officer**

**Invitation for Bids**

**Province Government**
**Bagmati province**
**Ministry of Agriculture and Livestock Development**
**Directorate of Livestock and Fishries Development**
**Veterinary Hospital and Livestock Service Expert Center**
**Dhulikhel, Kabhre, Nepal**

***Invitation for Bids for the Procurement and Supply of Livestock Equipment***

**Contract Identification No: VHLSEC/NCB/Goods/01/2078-79**
**Date of publication : 2nd March 2022 (2078/11/18)**

1. The **Veterinary Hospital and Livestock Service Expert Center** Dhulikhel, Kabhre invites *sealed* bids from eligible bidders for the procurement and **Supply of Livestock Equipment** ***under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.***
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the *office of* Veterinary Hospital and Livestock Service Expert Center, Dhulikhel, Kabhre, mailing **vhsscdhulikhel2019@gmail.com**, 011-490266
3. A complete *set* of Bidding Documents may be purchased from the office at the *office of* Veterinary Hospital and Livestock Service Expert Center, Dhulikhel, Kabhre by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NRs 3000** till 2078/12/17 during office hours.
4. Sealed bids must be submitted to the office ***Veterinary Hospital and Livestock Service Expert Center Dhulikhel, Kabhre*** by hand/courier before 12:00 on 2078/12/18. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm, 2078/12/18 at the office of ***Veterinary Hospital and Livestock Service Expert Center Dhulikhel, Kabhre.*** Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 120000 (One lakh twenty thousand Rupees), which shall be valid for 30 days beyond the validity period of the bid. If bidders wish to submit the cash security, the cash should be deposited in Dharauti account (**Office code: 3120226013) PROVINCE KO.LE.NI.KA EKAI KARYALAYA, KABHRE No. 1040100202030000 at Rastriya Banijya Bank, Dhulikhel, Kabhre** and submit the receipt of the deposited amount of cash along with Bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief**
**Veterinary Hospital and Livestock Service Expert Center, Kabhre**

# एनएसएलका लागि २४२ खेलाडी अक्सनमा




**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ फागुन

चैत अन्तिम सातादेखि शुरु हुने फ्रेन्चाइज फुटबल प्रतियोगिता नेपाल सुपर लिग (एनएसएल) को अक्सनका लागि २४२ खेलाडी छानिएका छन् । शुक्रबार हुने अक्सनका लागि छनोट भएका २४२ खेलाडीलाई आयोजन नेपाल स्पोर्टस एन्ड इभेन्ट म्यानेजमेन्टले तीन क्याटागोरीमा छुट्याएको छ ।

जसमध्ये क्याटागोरी 'ए' मा ४० खेलाडी छन् भने 'बी' र 'सी' मा समान एक सय एक खेलाडी छन् । एनएसएलको दोस्रो संस्करण चैत २६ गतेदेखि ८ वैशाखसम्म हुने तालिका छ । आयोजकले यस संस्करणमा तीन टोली थप गर्दै सहभागी क्लब संख्या १० पुर्‍याएको छ । यसअघि प्रतियोगिताको पहिलो संस्करणमा सात टोलीको सहभागिता थियो । यस सिजन स्पोर्टिङ इलाम मेची, झापा एफसी र विरगंज युनाइटेड थपिएका हुन् ।

गत सिजन विराटनगर सिटी, एफसी चितवन, काठमाडौं रेजर्स, ललितपुर सिटी एफस, पोखरा थन्डर्स, धनगढी एफसी र बुटवल लुम्बिनी रहेका थिए । प्रतियोगिताको पहिलो संस्करण काठमाडौं रेजर्सले जितेको थियो ।

यसै साता ए डिभिजनका ८ क्लबले सम्झौतामा रहेका खेलाडीलाई अन्य क्लबमा आबद्ध नहुन अनुरोध गर्दै विज्ञप्ति जारी गरेपछि एनएसएलमा खेलाडी सहभागिता बारे प्रश्न उठेको थियो । यसका लागि एनएसएलले अक्सनमा सुचिकृत खेलाडीलाई पुनः आफैं दर्ता प्रक्रियामा सहभागी भएर क्लबको फुकुवा पत्र अनिवार्य गरेको छ । हालसम्म एनएसएलले खेलाडी विषयमा सार्वजनिक गरेको यो नै पहिलो सुची हो । यसअघि मार्की खेलाडीको सूची भने लिगले आन्तरिक रुपमा क्लबहरुलाई मात्र दिएको थियो ।

गत वर्ष एफसी चितवनको मार्की प्लेयर रहेका भरत खवास यस पटक भने अक्सनमा जाने भएका छन् । उनी क्याटेगोरी ए को सूचीमा छन् । त्यसबाहेक आयोजकले २२ जनाको मार्की प्लेयरको सूची समेत तयार पारेको छ । जसबाट फ्रेन्चाइजले अक्सन अघि मार्की खेलाडी अनुबन्ध गर्न सक्नेछन् । गत वर्ष ललितपुर सिटीको मार्की प्लेयर रहेका अन्जन विष्टलाई यस पटक नयाँ टिम झापा एफसीले मार्की प्लेयर अनुबन्ध गरिसकेको छ ।

ए श्रेणीमा पर्ने खेलाडीहरुमा छिरिङ गुरुङ, सुदीप गुरुङ, आशिष गुरुङ, निशान खड्का, निरज बस्नेत, नविन लामा, दर्शन गुरुङ, एरिक विष्ट, जर्जप्रिन्स कार्की, आकाश बुढा मगर, गौतम श्रेष्ठ, सन्तोष तामाङ, टेकबहादुर बुढाथोकी, हेमन्त थापामगर, त्रिदेव गुरुङ, मानबहादुर तामाङ, रविशंकर पासवान, आयुष घलान, जीवन गुरुङ, सिमान्त थापा, सनिष श्रेष्ठ, रामचन्द्र वाजी, निरज चौधरी, आवास लामिछाने, आशिष लामा, सुरज ज्यु ठकुरी, विक्रम धिमाल, प्रदीप लामा, सुशील राई, नितिन थापा, भरत खवास, मिक्चेन तामाङ, शेसेहाङ आङ्दाम्बे, अभिशेख बराल, टिकेन्द्र थापा, अजित प्रजापति, राजाबाबु थापा, सत्रुधन चौधरी, दीप कार्की र विशाल सुनार रहेका छन् ।

# सैनामैनामा राष्ट्रपति रनिङ्ग शिल्ड शुरु

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, १७ फागुन

रुपन्देहीको सैनामैना नगरपालिकामा राष्ट्रपति रनिङ्ग शिल्ड तथा पाँचौ नगरस्तरीय खेल सप्ताह मंगलबारबाट शुरु भएको छ । 'स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद' भन्ने मूल नारासहित वडा नं. ७ देउवापारस्थित श्री सरस्वती माध्यमिक विद्यालको खेलमैदानमा एक कार्यक्रमका बीच सैनामैना नगरप्रमुख चित्र बहादुर कार्कीले उद्घाटन गरेका हुन् ।

नगर खेलकुद विकास समितिको आयोजनामा मंगलबादेखि शुरु भएको प्रतियोगिता फागुन २२ गतेसम्म चल्नेछ ।

प्रतियोगितामा ६ विधामा खेल खेलाइने छ । जसअन्तर्गत एथलेटिक्स, भलिबल,कवड्डी, क्रिकेट छात्र डिउज बल, फुटबल छात्र र तेक्वान्डो लगायतका खेल हुने नगर खेलकुद विकास समितिका अध्यक्ष अमर लम्सालले मध्यान्हलाई जानकारी दिए । एथलेटिक्समा पनि २ विद्यामा खेल हुनेछ । खेलमा छात्र र छात्राको समूह विभाजन गरिएको छ । जसमा ट्र्याक तर्फ कक्षा ६ देखि १० सम्म छात्र-छात्रा १ सय मिटर, ८ सय मिटर, १५ सय मिटर र ३ हजार मिटर दौड प्रतियोगिता हुनेछन् भने रिलेदौड प्रतियोगिता समेत हुने समितिले जनाएको छ ।

ट्र्याकतर्फ नै कक्षा ११ र १२ तर्फ छात्र-छात्रा दुबै नै ८ सय, १५ सय र ३ हजार मिटर दौड खेल हुनेछ ।

त्यस्तै एथलेटिक्सकै अर्को विधा फिल्डतर्फ कक्षा ६ देखि १० सम्म छात्र छात्रामा हाईजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ, थ्रो सटफुटलगायत खेल रहेका छन् ।

प्रतियोगितामा भलिबल र कबड्डीतर्फ कक्षा ६ देखि १० सम्म र कक्षा ११ र १२ का बीचमा पनि खेल खेलाइने भएको छ । जसमा छात्र-छात्रा समूह विभाजन गरिएको छ । नगरका विभिन्न स्थानमा सञ्चालन हुने प्रतियोगितामा क्रिकेट छात्र डिउज बल कक्षा ६ देखि १० सम्म खेल खेलाइनेछ भने कक्षा ११ र १२ का बीचमा छात्र फुटबल प्रतियोगिता हुनेछ । त्यस्तै तेक्वान्डो प्रतियोगिता छात्र-छात्रा ऐच्छिक अनुसार हुनेछ । उक्त प्रतियोगितामा सैनामैनाका १६ सामूदायिक र १६ संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुले विभिन्न प्रतियोगितामा सहभागी जनाउने छन् । उद्घाटन कार्यक्रममा नगरका २२ विद्यालयले मार्चपास गरेका छन् । जसमा सैनामैना माध्यमिक विद्यालय प्रथम, सिद्धार्थ मेमोरियल द्वितीय, कोटियादेवि मावि तृतीय र रामपुर मावि शान्त्वना भएको छ । नगरस्तरीय खेल सप्ताहको उद्घाटन गर्दै प्रमुख कार्कीले खेलकुद प्रतियोगिताले विद्यार्थीहरुको प्रतिभा मात्रै नभई विद्यालय विद्यालयबीचको भातृत्व समेत विस्तार हुने विश्वास व्यक्त गरे ।

उनले स्थानीयस्तरमा रहेका प्रतिभालाई उजागर गर्न र खेलाडीलाई प्रोत्साहन गर्न प्रतियोगिताले महत्वपूर्ण भूमिका खेल्ने बताउँदै खेल सप्ताहलाई निरन्तरता दिइने धारणा राखे । राष्ट्रियस्तरको खेललाई आधारभूत स्तरबाटै सिकाउने काम भइरहेको समेत प्रमुख कार्कीको भनाइ छ ।

कार्यक्रममा संस्थागत विद्यालयको तर्फबाट सिद्धार्थ मेमोरियल विद्यालयका प्राचार्य भोजराज पौडयाल, सामुदायिक विद्यालयको तर्फबाट जनकल्याण माविका प्राचार्य अर्जुन पोखरेल, नेपाली कांग्रेस नगरसभापति रणबहादुर खनाल, नेकपा माओवादीका नगर अध्यक्ष नारायण महत, नेकपा एमालेका नगरसचिव बुद्धिराम चौधरी लगायतले बोल्दै शिक्षासँगै खेलकुद क्षेत्रलाई पनि नगरले प्राथमिकता दिएर अघि बढाउनुपर्नेमा जोड दिए । कार्यक्रम नगर खेलकुद विकास समितिका अध्यक्ष अमर लम्सालको अध्यक्षता, सैनामैना नगरप्रमुख चित्र बहादुर कार्कीको प्रमुख आतिथ्यता तथा उपप्रमुख बिना राना, प्रमुख प्रशासकीय अधिकृत भिमप्रसाद तिवारी, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख हेमराज अर्यालको विशिष्ठ आतिथ्यतामा भएको हो । कार्यक्रममा जनप्रतिनीधि, विद्यालयका प्राचार्य, विद्यार्थी र अन्य सरोकारवालाको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन सदस्य सचिव महेश अधिकारीले गरेका थिए । प्रतियोगिता सम्पन्न गर्नका लागि पालिकाले ११ लाख ५० हजार बजेट छुट्याएको जनाएको छ ।

# फिफा र युईएफएद्वारा रुसमाथि प्रतिबन्ध

**काठमाडौं/एजेन्सी–** रसियाको राष्ट्रिय फुटबल टीम र क्लबहरुलाई विश्व फुटबलको सर्वोच्च निकाय फिफा र युरोपियन फुटबलको गभर्नीङ बढी युईएफएले सबैखाले प्रतियोगिताका लागि प्रतिबन्ध लगाएको छ । उनीहरुले अर्को सुचना नभएसम्मका लागि अनिश्चितकालका लागि प्रतिबन्ध लगाएको जनाइएको छ ।

रुसले युक्रेनमा आक्रमण गरेपछि युक्रेनी जनतासँग ऐक्यवद्धता जनाउन भन्दै फिफा र यूईएफएले रुसमाथि प्रतिबन्धको घोषणा गरेका हुन् । फिफाको प्रतिबन्धसँगै रुसले मार्चमा पोल्याण्डविरुद्ध हुने विश्वकप छनोट अन्तर्गत प्ले अफ खेल गुमाउने भएको छ । त्यस्तै महिला टीमले समरमा हुने युरो-२०२२ को प्रतियोगिता गुमाउने छ ।

यस्तै रुसी क्लब स्पार्टक मस्कोलेपनि युरोपा लिग खेल्न पाउने छैन । जसका कारण अन्तिम १६ मा उसको प्रतिद्वन्दी रहेको आरबी लेइपजिङले वाकओभर पाएर सिंधै क्वाटरफाइनलमा स्थान बनाउने छ ।

युएईएफले रसियाको इनर्जी जाइन्ट जाजप्रोमसँगको स्पोन्सर सम्झौता समेत रद्द गरेको छ । फिफा र युईएफले संयुक्त विज्ञप्ती जारी गर्दै भने 'फुटबल संधै एकता र भाइचराको खेल हो, त्यसैले हामी युद्रबाट प्रभावित युक्रेनि नागरिकको साथमा एकाताबद्ध भएका छौं ।' फिफा र युइएफएका दुबै अध्यक्षले चाँडै अवस्था सुधार हुने र फुटबलले पुन जित हासिल गर्ने विश्वास गर्दै जनताले एकता र शान्तीको महसुस गर्ने विश्वास ब्यक्त गरेका छन् ।

फिफाले आइतबार मात्र रुसलाई राष्ट्रिय झण्डा र राष्ट्रिय गान बिना अन्तराष्ट्रिय फुटबल खेल्न निर्देशन दिएको थियो ।

URGENT VACANCY
A reputed Recruiting Agency is seeking following position.
Receptionist (Female)
**Req. :** +2 Passed, Computer, Internet & Basic English is mandatory. **Age :** 20 above.
***Send CV to :*** *timesmanpower944@gmail.com*
*We will email you for the final interview which is going to be held in the following address on 8 March 2022.*
TMS Times Management System Pvt. Ltd.
Govt. Lic. No.: 944/067/68
Gongabu, Tokha Kathmandu, Nepal
Tel : 01-5906211, 5907211

नाम परिवर्तन सम्बन्धी सूचना
दोस्रो पटक प्रकाशित मितिः २०७८/११/१८
**मिराइ एजुकेशन फाउण्डेसन प्रा.लि.**को मिति २०७८/११/११ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव द्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोष्टलाईन एजुकेशन एण्ड भिजा सर्भिसेज प्रा.लि (प्रा.लि. नं. १३९४१८)** कायम गर्ने गरी मिति २०७८/११/१५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साउदीमा रोजगार | कम्पनी : KAYAN AL AASMAH INDUSTRY FACTORY
शहरः JEDDAH
पुर्व स्वीकृत मितिः २०७८/११/१६ चलानी नं.: ६०१७५२४१ L.T. No.:258525

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन २५ गते (9 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

K L Employment Service (P) Ltd.
श्रम इजाजत नं.: ७०१/०६३/०६४
शम्भु मार्ग, एयरपोर्ट, काठमाडौं
फोन : ४४६४११३, ४४९३१८०, फ्याक्सः ४४६९३२१
Email: info@klemployment.com.np | Web: www.klemployment.com.np

साउदीमा रोजगार | कम्पनी : AL DELICIOUS COMPANY KNOWN BY ONE PERSON COMPANY
शहरः SAUDI
पूर्व स्वीकृत मितिः २०७८/११/०२ चलानी नं.: ६०१७४५१९ L.T. No.:257886 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३२,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ फागुन २५ गते (9 March 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Kankai recruitment suppliers Pvt. Ltd.
Gov. Lic No. 946/067/068
Basundhara, Kathmandu, Nepal Tel: 01-4954490
Mobile: 9851144845, Email: kankairecruitment4@gmail.com

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
11 Kilo-Chhepetar-Bhaluswanra- Barpak Road Project, Gorkha
Invitation of Bid
Tender Notice Number: T3/078/79
(Date of Publication :- 2078-11-18)

1. The 11 Kilo – Chhepetar – Bhaluswara- Barpak Road Project,Gorkha invites bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| Contract ID | Description and Location of work | Estimate Amount (without VAT & Contingencies) NRs. | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Bid Validity Period |
|---|---|---|---|---|---|
| 11CRP33731 0113 /078/79-13 | *Maintenance works on 11 Kilo Chhepetar Bhaluswara Road (0+000-4+000,17+000-22+000)* | NA | 5000.00 | 720,000.00 | 90 days |

2. ***Information to deposit the cost of bidding document and bid bond in bank:***

| Office Name | 11 Kilo – Chhepetar – Bhaluswara- Barpak Road Project, Gorkha | Last date of Submission | 2078-12-20 (3rd April 2022) Time:- 12:00 hrs. |
|---|---|---|---|
| *Name of Bank* | *Rastriya Banijaya Bank,Gorkha* | *Opening* | ***2078-12-20 (3rd April 2022) Time:- 13:00 hrs.*** |
| *Deposit Account No. :* | *10002000100001* | *Pre-bid meeting* | ***2078-11-29 (13th March 2022) Time:- 11:00 hrs.*** |
| *Rajaswa shirshak no.:* | *14229* | *Office Code no.:-* | ***337013601*** |

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 120 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. 11 Kilo – Chhepetar – Bhaluswara- Barpak Road Project,Gorkha reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

PROJECT MANAGER

INTERSCAFF SAFETY
International Vocational Training School
- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services
NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety
Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com



मोबाइल विश्व कांग्रेस

*स्पेन, बार्सिलोनामा भएको मोबाइल वर्ल्ड कंग्रेसको क्रममा एक व्यक्तिले रेकर्ड गरेको साओमी साइबरडग ।*
*तस्बिर: सिन्हुआ/झेङ हुआन्सोङ*

# एमसीसी अनुदानका प्रसारण लाइनमा जग्गा प्राप्ति समस्या हुनसक्ने



**काठमाडौं/रासस** - नेपालमा प्रसारण लाइन निर्माणमा एउटा टावर नै एउटा आयोजना जस्तो बनिरहेको छ। यस्तो बेला पाँच वर्षभित्र नै सम्पन्न गर्ने गरी अमेरिकी सहयोग सम्झौता एमसीसीबाट निर्माण हुने प्रसारण निर्माणको काम सहजरुपमा निकर्षमा पुर्‍याउन भने कडा मिहिनेत गर्नुपर्ने हुनसक्छ । कूल ३१२ किलोमिटर लामो प्रसारण लाइन ४०० केभी क्षमताको हुनेछ । त्यसमा ८५६ टावर निर्माण हुनेछ । प्रसारण लाइन १० जिल्लाका ३० पालिका र ९२ वडा भएर जान्छ। ती सबै स्थानीय पालिकाका बासिन्दालाई विश्वासमा लिएर काम गर्नु अर्को चुनौतीको विषय बन्न सक्छ ।

प्रसारण लाइनले नेपालबाट भारतसम्म जोड्ने पूर्वाधार तयार गर्नेछ । बुटवलबाट भारतको गोरखपुरसम्म नेपाल र भारतको संयुक्त लगानीमा निर्माण हुने अन्तरदेशीय प्रसारण लाइन निर्माणको कार्यलाई उक्त पूर्वाधारले सहयोग पुर्‍याउनेछ । यही फागुन ११ र १२ गते सम्पन्न नेपाल भारत ऊर्जा सचिवस्तरीय बैठकले आगामी अप्रिलसम्म अन्तरदेशीय प्रसारण लाइन निर्माणका लागि संयुक्त कम्पनी स्थापना गर्ने सहमति गरेको छ । नेपालतर्फको कूल २० किलोमिटर र भारततर्फ कूल १२० किलोमिटर प्रसारण लाइन निर्माण हुनेछ । न्यू बुटवल हाल नेपाल विद्युत् प्राधिकरणको सबस्टेशन रहेकै स्थानमा ४०० केभी क्षमताको सबस्टेशन समेत निर्माण हुनेछ। प्रसारण ग्रिड कम्पनीको गुरुयोजनाअनुसार बुटवलमा हव स्टेशन निर्माण गर्ने योजना धेरै पहिल्यै अगाडि सारिएको हो ।

एमसीसीको सहयोगमा निर्माण हुने ३१२ किलोमिटर लामो डबल सर्किटयुक्त प्रसारण लाइनअन्तर्गत तीनवटा नयाँ ४०० केभी क्षमताको 'इन्डोर ग्यास इन्सुलेटेड सब-स्टेशन' निर्माण हुने एमसिए नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले जानकारी दिए । नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा रातमाटे सब-स्टेशन, तनहुँ जिल्लाको दमौलीमा सब-स्टेशन र नवलपरासी पश्चिम जिल्लाको भुमहीमा न्यू बुटवल सब-स्टेशन निर्माण गरिनेछ। एमसीसीसँग जोडिएको प्रसारण लाइन काठमाडौँको लप्सीफेदी र मकवानपुर जिल्लाको हेटौँडास्थित सब-स्टेशनमा जोडिनेछ। काठमाडौं उपत्यका, हेटौंडा, नारायणगढ, बुटवल दाङ र पोखरामा सहज रुपमा बिजुली उपलब्ध गराउन ती प्रसारण लाइनको महत्वपूर्ण भूमिका रहनेछ।

> एमसीसीसँग जोडिएको प्रसारण लाइन काठमाडौँको लप्सीफेदी र मकवानपुर जिल्लाको हेटौंडास्थित सब-स्टेशनमा जोडिनेछ । काठमाडौं उपत्यका, हेटौंडा, नारायणगढ, बुटवल दाङ र पोखरामा सहज रुपमा बिजुली उपलब्ध गराउन ती प्रसारण लाइनको महत्वपूर्ण भूमिका रहनेछ ।

एमसिए नेपालका कार्यकारी निर्देशक विष्टका अनुसार काठमाडौँको उत्तर पूर्वमा रहको लप्सीफेदीदेखि नुवाकोटको रातमाटेसम्म एउटा प्रसारण लाइन जानेछ । रातमाटेबाट भने एउटा प्रसारण लाइन हेटौंडा जानेछ । अर्को प्रसारण लाइन दमौली जान्छ । नेपाल प्राधिकरणले हाल हेटौंडा- ढल्केबर- इनरुवा प्रसारण निर्माण गरिरहेको छ । रातमाटेबाट गएको प्रसारण लाइन सोही प्रसारण लाइनसँग जोडिन्छ। त्यसबाट पूर्वको बिजुली सहज रुपमा आयात गर्न सहयोग पुग्ने प्राधिकरणको बुझाइ छ । यस्तै दमौलीबाट कूल ८० किलोमिटर लामो प्रसारण लाइन दक्षिणतर्फ गएर नवलपरासीस्थित नयाँ बुटवल सबस्टेशनमामा जोडिन्छ । सो सबस्टेशनबाट नेपाल भारत सीमा क्षेत्रसम्म पुग्न थप २० किलोमिटर लामो ४०० केभी क्षमताको प्रसारण लाइन निर्माण गर्नुपर्छ। नेपाल सरकार र अमेरिकी सरकारको एमसीसीबीच सन् २०१७ मा हस्ताक्षर भएको थियो। प्रसारण लाइन काठमाडौं, सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र परासी जिल्ला भएर जान्छ। प्रसारण लाइन निर्माण हुने जिल्लाका प्रभावित क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कनलगायत काम सम्पन्न भएका छन् । अब जग्गा प्राप्ति र वन क्षेत्रको जग्गा प्रयोगका लागि स्वीकृति लिन बाँकी छ ।

कार्यकारी निर्देशक विष्टका अनुसार जग्गा अधिग्रहणको काम नै सबैभन्दा ठूलो, गाह्रो र लामो हो । उनले भने, 'समयसीमा निर्धारण गर्दा बढी समय कुन कामका लागि लाग्छ भन्ने हेरिन्छ। त्यस आधारमा हेर्दा यो कामका लागि बढी समय लाग्छ । अरू काम समानान्तर रुपमा नै हुन्छ। ठाउँठाउँको जग्गा अधिग्रहणको काम गर्नुपर्छ । नेपालको जग्गा प्राप्ति ऐन, २०३४ अनुसार काम गर्नुपर्छ।' प्रसारण लाइन निर्माण हुने क्षेत्रमा मात्रै करिब दुई लाख १७ हजार बराबर रुखबिरुवा काट्नुपर्छ । त्यसमा रूखभन्दा पनि बुट्यान धेरै रहेको एमसिए नेपालको अध्ययनमा देखिएको छ । एमसिए नेपालले गरेको सामान्य हिसाबमा मुआब्जाका लागि झन्डै आठ अर्ब बराबरको खर्च हुनेछ। त्यसमध्ये डेढ अर्ब रुपैयाँ नुवाकोटको रातमाटेमा वितरण भइसकेको छ। त्यहाँ सबस्टेशन निर्माण हुन्छ । पहाड तथा डाँडाकाँडा भएर प्रसारण लाइन जाने हुनाले धेरै खर्च नपर्ने देखिन्छ।

नेपालका भौतिक पूर्वाधारका परियोजनाको सबैभन्दा जटिल काम नै जग्गा प्राप्ति र मुआब्जा वितरण भएकाले त्यसलाई समयमै सम्पन्न गर्न सरकारी तदारुकता पनि उत्तिकै आवश्यक देखिन्छ । त्यस्तै वन क्षेत्रका जग्गा प्रयोग एवम् सामुदायिक वनसँगका कामलाई पनि उत्तिकै प्रभावकारी बनाउन जरुरी छ । प्राधिकरणले निर्माण गरिरहको हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन रुग्ण अवस्थामा छ । स्थानीयवासीले आयोजनामा अनेक समस्या पैदा गरेकाले दातृ निकाय विश्व बैंकले समेत गुनासो गरिरहेको छ। यस्तो अवस्थामा एमसीसी सहयोग अनुदानबाट निर्माण हुने प्रसारण लाइनलाई समयमै सम्पन्न गर्न सरकारी निकाय, आयोजना प्रभावित तथा अन्य सम्बद्ध निकायको प्रभावकारी भूमिका जरुरी देखिन्छ ।

## कामना सेवा विकास बैंकद्वारा भक्तजनहरुलाई पानी तथा जुस वितरण

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**काठमाडौं/मस** - महाशिवरात्रीको अवसरमा कामना सेवा विकास बैंक लिमिटेडले पशुपतिमा दर्शन गर्न पुगेका भक्तजनहरुको सेवा र सुविधालाई मध्यनजर गरी पशुपति मन्दिर परिसर र चावहिलमा शुद्ध पिउने पानी तथा जुस वितरण गरेको छ। यसै गरी काठमाडौं-३०, ज्ञानेश्वर स्थित आनन्द भैरव मन्दिर लगायत देशका विभिन्न स्थानहरुमा समेत उक्त सेवा प्रदान गरिएको बैंकले जनाएको छ।

बढ्दो गर्मी र भिडभाडमा सहज रुपमा शुद्ध पिउने पानी उपलब्ध हुन नसक्ने हुँदा भक्तजनहरुलाई सहज रुपमा पानी तथा जुस उपलब्ध गराउन सकियोस भन्ने पवित्र उद्देश्यका साथ यस प्रकारको सेवा प्रदान गरिएको र आगामी वर्षहरुमा समेत यस पवित्र कार्यलाई निरन्तरता दिने बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले बताए ।

### जीवन बीमा कोषको आकारमा वृद्धि

# २४ प्रतिशतले बढेर ४ खर्ब २७ अर्ब पुग्यो

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १७ फागुन



जीवन बीमा कम्पनीहरुको बीमा कोषको आकारमा वृद्धि भएको छ । चालु आवको दोस्रो त्रैमासिक अवधिको अन्तिमसम्म आइपुग्दा जीवन बीमा कोषको आकारमा २४ प्रतिशतले वृद्धि भएर ४ खर्ब २७ अर्ब रुपैंया पुगेको छ। गत आवको सोही अवधिमा जीवन बीमा कोष तीन खर्ब ४३ अर्ब ५९ करोड १९ लाखको आकारमा पुगेको थियो।

**■ जीवन बीमा कोषमा नेपाल लाइफ अगाडि**

हालसम्मको अवस्थामा जीवन बीमा कम्पनीमध्ये नेपाल लाइफको जीवन बीमा कोष सबैभन्दा ठूलो रहेको छ । नेपाल लाइफ इन्स्योरेन्सले जीवन बीमा कोष एक खर्ब २४ अर्ब ८३ करोडमाथि पुगेको छ, जुन जीवन बीमा कोषको २९.२४ प्रतिशत हिस्सा हुन आउँछ । एलआइसी नेपालको बीमा कोषको आकार ८६ अर्ब ४९ करोड रुपैयाँ पुगेको छ, जुन जीवन बीमा कोषको १६.४९ प्रतिशतले हिस्सा हो। त्यस्तै नेशनल लाइफले बीमा कोषको आकार २४.२० प्रतिशलते बढाएर ४७ अर्ब २१ करोड रुपैयाँ पुर्‍याएको छ ।

नेपाल सरकारको ठुलो लगानी रहेको राष्ट्रिय बीमा संस्थानको जीवन बीमा कोषमा ३८ अर्ब १४ करोड रुपैयाँ आकार सहित चौथो स्थानमा रहेको छ । यस्तै जीवन बीमा कोषमा एशियन लाइफको २९ अर्ब ३७ करोड, मेट लाइफको १९ अर्ब ६१ करोड, प्राइम लाइफको १६ अर्ब ६१ करोड, सूर्या लाइफको १२ अर्ब ५७ करोड र गुराँस लाइफको ११ अर्ब ४८ करोड रुपैयाँ छ ।

**■ नयाँ जीवन बीमा कम्पनीमा युनियन लाइफ अगाडि**

नयाँ जीवन बीमा कम्पनी मध्ये युनियन लाइफले जीवन बीमा कोषमा धेरै रकम जम्मा गर्न सफल भएको छ। चालु आवको दोस्रो त्रैमासिक अवधिको अन्तिम समयसम्म यूनियन लाइफले जीवन बीमा कोषमा ९ अर्ब ५३ करोड रुपैयाँ जम्मा गरेको छ । त्यस्तै सिटिजन लाइफ इन्स्योरेन्सले ४ अर्ब ८८ करोड, ज्योति लाइफले ५ अर्ब १४ करोड, आइएमई लाइफले तीन अर्ब ८७ करोड, रिलायबल नेपाल लाइफले ३ अर्ब ६ करोड, रिलायन्स लाइफले तीन अर्ब ३६ करोड, सन नेपाल लाइफले तीन अर्ब ६ करोड, सानिमा लाइफले २ अर्ब ८२ करोड, प्रभु लाइफ २ अर्ब ६० करोड, प्रभु लाइफ २ अर्ब ६० करोड, र महालक्ष्मी लाइफले एक अर्ब ७३ करोड रुपैयाँ रकम जीवन बीमा कोषमा जम्मा गरेका छन् ।

बीमा कम्पनीको आय-व्यय हिसाबको आम्दानीबाट प्रत्यक्ष खर्च घटाइसकेपछि बचत रकम जीवन बीमा कोषमा जम्मा गर्ने गरिन्छ । बीमांकीले बीमांकीय मूल्यांकन गरेपछि कम्पनीको भविष्यको दायित्व तथा बोनस रकम छुट्याएर बाँकी रहेको रकममध्ये ९० प्रतिशत जीवन बीमा कोषमा जम्मा गर्नुपर्ने हुन्छ । कोषमा जम्मा गरेको बाहेक १० प्रतिशत रकम नाफा-नोक्सान खातामा जान्छ। सो कोषमा वैदेशिक रोजगार जीवन बीमाबाट संकलन भएको बीमाशुल्क भने जोडिदैन् ।

# भारतबाट फेरि बढेर आयो पेट्रोलियम पदार्थको मूल्य




**काठमाडौं/मस** – नेपाल आयल निगमले भारतबाट पेट्रोलियम पदार्थको मूल्य बढेर आएको जनाएको छ। फागुन १७ गते एक विज्ञप्ति जारी गर्दै निगमले भारतीय आयल निगमबाट पेट्रोलमा ३ रुपैयाँ ८९ पैसा, डिजेलमा ३ रुपैयाँ ८ पैसा र मट्टितेलले १० रुपैयाँ ३० पैसा, हवाई इन्धनमा ३ रुपैयाँ ३२ पैसा र एल पि ग्यासमा प्रति सिलिण्डर ९९ रुपैयाँ १७ पैसा बढेर आएको जनाएको हो। मूल्यवृद्धिसँगै निगमले आगामी १५ दिनमा करिब ३ अर्ब ९ करोड रुपैयाँ घाटा हुने स्थिति रहेको अनुमान गरेको छ ।

रसिया र युक्रेनबिचको तनावका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य थप वृद्धि भइ उच्चतम विन्दुमा पुगेको निगमले जनाएको छ। कच्चा तेलको अमेरिकी डलर ९५ देखि १०५ प्रति ब्यारेल पुगेका कारण भारतबाट इन्धनको मूल्य बढेको निगमले उल्लेख गरेको छ। निगमले चालु आर्थिक वर्षमा २८ अर्ब नोक्सानी ब्यहोरी सकेको समेत जनाएको छ। यसअघि मूल्यवृद्धि गर्नुअघि पनि निगमले सूचना जारी गर्दै आफूहरु घाटामा रहेको जनाएको थियो ।

## महालक्ष्मी विकास बैंकका अध्यक्ष उपाध्यायले लिए सपथ ग्रहण



**काठमाडौं/मस** - महालक्ष्मी विकास बैंकका अध्यक्ष राजेश उपाध्यायले सपथ ग्रहण गरेका छन् । नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर निलम ढुंगानाबाट उनले सपथ ग्रहण गरेका हुन् ।

बैंक सञ्चालक समितिको अध्यक्षमा हालै चयन भएका उपाध्यायसँगै सञ्चालकहरु सञ्जय गिरी, दीपक कुमार रौनीयार, श्यामसुन्दर रुंगटा, राहुल अग्रवाल र रुपेन्द्र पौडेललाई अध्यक्ष राजेश उपाध्यायले पनि पद तथा गोपनीयताको सपथ ग्रहण गराएका हुन् ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

सामाजिक सञ्जालको दुरूपयोगबारे सचेत रहौं ।
- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधै लगआउट गरौ ।
- अरूलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नुय अघि अनुमति लिऔं ।
- अपरीचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा वोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौ ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं ।

*सामाजिक सञ्जालको उपयोगमा सचेत बनौ र त्यसवाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१–४२२६३६६, ०१–४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ